सर्लाही र रौतहट जिल्ला स्थित विभिन्न आयोजनाहरुको स्थलगत अनुगमन भ्रमण प्रतिवेदन

(२०७३ पुस ५ देखि २०७३ पुस ११ सम्म)



सर्लाही जिल्लाका आयोजना प्रमुखहरुको वैठक पश्चात लिइएको सामुहिक तस्वीर


**अनुगमन कर्ता**

माननीय सदस्य डा.कृपा सिन्धु प्रसाद

योजना अधिकृत नइन्द्र प्रसाद दाहाल

# सर्लाही र रौतहट जिल्ला स्थित विभिन्न आयोजनाहरुको स्थलगत अनुगमन भ्रमण प्रतिवेदन

(२०७३ पुस ५ देखि २०७३ पुस ११ सम्म)



रौतहट जिल्लाका प्रमुख जिल्ला अधिकारी सहित आयोजना प्रमुखहरुको वैठक पश्चात लिइएको सामुहिक तस्वीर


**<u>अनुगमन कर्ता</u>**

माननीय सदस्य डा.कृपा सिन्धु प्रसाद

योजना अधिकृत नइन्द्र प्रसाद दाहाल







प



पशुसेवा केन्द्र हरिवन सर्लाहीमा रहेकी राष्ट्रिय स्वयं सेवक कार्यसम्पादनमा साथै छलफल






सर्लाहीको पवित्र मन्दिर आवश्यक पुर्वाधारको विकासको पर्खाइमा





लक्ष्मीनारायण विद्यालय चिताइन र स्थानीय वासिन्दा विकासको पर्खाइमा





आयोजना प्रमुखहरुसंगको वैठक तथा छलफल

## स्थलगत अनुगमन गरिएका आयोजनाहरुको विवरण

राष्ट्रिय विकास परिषद्को २०७३।०५।२३ मा भएको वैठकले औंल्याए बमोजिम राष्ट्रिय योजना आयोगको २०७३।०५।२७ को वैठकले प्रत्येक प्रदेशमा ४/१ जना माननीय सदस्य ज्यू को नेतृत्वमा राष्ट्रिय गौरवका आयोजना र प्राथमिकता क्रम (P1) मा रहेका आयोजनाहरुको स्थलगत अनुगमन गर्ने भनी भएको निर्णयानुसार माननीय सदस्य डा. कृपा सिन्धु प्रसाद र योजना अधिकृत श्री नइन्द्र प्रसाद दाहाल बाट भएको प्रदेश नं.२ अर्न्तगत रौतहट जिल्ला र सर्लाही जिल्लाका अनुगमन भएका आयोजनाहरुको नामावली विवरण तपशिल वमोजिम रहेको छ ।

**क) रौतहट जिल्ला**

१. राष्ट्रपति चुरे-तराई-मधेस संरक्षण विकास कार्यक्रम (जिल्ला वन कार्यालय तर्फ)

२. राष्ट्रपति चुरे-तराई-मधेस संरक्षण विकास कार्यक्रम (जिल्ला भू-संरक्षण कार्यालय तर्फ)

३. गंगा पिपरा खानेपानी आयोजना (जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालय)

४. वातावरण मैत्री स्थानिय शासन कार्यक्रम, (गौर न.पा.वडा नं.१३ को १ कि.मि. क्षेत्र, गौर न.पा)

५. चन्द्रपुर न.पा. रिङरोड आयोजना (डिभिजन सडक कार्यालय, चन्द्रनिगाहपुर, रौतहट)

६. वागमती सिंचाइ आयोजना (पश्चिमी नहर सिल्क इजेक्टर निर्माण, रौतहट)

**ख) सर्लाही जिल्ला**

१. खोकना सिंचाइ आयोजना, (डिभिजन सिंचाई कार्यालय)

२. ईश्वरपुर खानेपानी आयोजना (जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालय)

३. लखनदेही नदी नियन्त्रण आयोजना (जनताको तटवन्ध कार्यक्रम)

४. कर्मैया - हाथिओल सडक आयोजना (जिल्ला प्राविधिक कार्यालय)

नेपाल सरकार
राष्ट्रिय योजना आयोगको सचिवालय
जिल्लागत आयोजना अनुगमन विवरण

आयोजनाको नाम : राष्ट्रपती चुरे-तराई मधेश संरक्षण विकास समिति जिल्ला : रौतहट
आयोजना प्रमुखको नाम : श्री दिर्घ नारायण कोइराला, आयोजनामा रहेको अवधि :०६७।६८ देखि
जिल्ला वन कार्यालय

**१.पृष्ठभुमि** :

यस जिल्लामा रहेको चुरे क्षेत्र लगायतको प्रभावित क्षेत्रमा रहेका चाँदी, हर्दिया र वकैया नदीहरुवाट हुने क्षति न्युनिकरण गर्ने, जैविक विविधता संरक्षण गरी वातावरणीय सन्तुलन कायम गर्ने र यस क्षेत्रमा वसोवास गर्ने समुदायहरुको जीवनस्तर सुधार गरी गरिबी न्युनीकरणमा टेवा पुर्याउने उदेश्यले आ.व.०६७।६८ देखी चाँदी हर्दिया नदी प्रणाली अन्तर्गत कार्यक्रम शुरु भई आ.व.०७२।७३ देखी वकैया नदी प्रणाली अर्न्तगत समेत रहने गरी यस जिल्लामा यो कार्यक्रम विस्तार भएको छ । यस कार्यक्रमवाट वन वातावरण, जैविक विविधता र भू-स्वरुपको संरक्षण भई यस क्षेत्रमा आश्रित जन-समुदायले यहाको वन व्यवस्थापनबाट लाभान्वित भई जिविकोपार्जनमा सहयोग पुगी रोजगारीको अवसरमा समेत वृद्धि हुने अपेक्षाका साथ यो कार्यक्रम संचालन भै रहेको छ । यो कार्यक्रम राष्ट्रिय गौरवको कार्यक्रम भएको हुदा यसवाट दिर्घकालीन लक्ष्यमा चुरे वन व्यवस्थापन, नदी व्यवस्थापन, हरियाली प्रवर्द्धन, वन्यजन्तु संरक्षण र वासस्थानको सिर्जना , चराचुरुङ्गीहरुको वृद्धि र वैदेशिक चराहरुको समेत आगमन सम्मको अवस्था सिर्जना हुदा पर्यटनमा समेत फडको मार्ने देखिन्छ । यस अवस्थालाई सिर्जना गर्न उक्त दुवै नदिका वन क्षेत्रमा रहेको नदी कटान उकासिएको जमीनमा विभिन्न पोखरी ताल तलैया वन्ने हुदा जिवजन्तु र चराचुरुङ्गिलाई जलासयको व्यवस्था पुग्ने र स-साना चिडियाखाना समेत निर्माण गर्न सम्भव हुने भएकाले आन्तरिक तथा वाह्य पर्यटन समेत लाई व्यवस्थीत वनाउन सकिने राम्रो सम्भावना रहेको छ । तसर्थ नदी कटान लाई व्यवस्थित रुपमा रोक्नु यस आयोजनाको मुख्य कार्य हुन जरुरी छ ।

२) **आयोजनाको समग्र चिनारी :**

**(अ) श्रोत व्यवस्थापन**

(क) व.उ.शि.नं. : ३२९१२४

(ख) खर्चको श्रोत : (१) नेपाल सरकार : नेपाल सरकार (२) वैदेशिक : ×

(ग) गत आ.व.को भौतिक प्रगति प्रतिशत : ९०.९८%

(घ) गत आ.व.सम्मको भौतिक प्रगति प्रतिशत : ८५%

(ङ) गत आ.व. को वित्तिय प्रगति प्रतिशत : ८५.३९%

(च) गत आ.व. सम्मको वित्तिय प्रगति प्रतिशत : ८०%

(छ) आयोजनको आ.व.०७३।७४ को कार्यक्रम र वजेट सम्वन्धि विवरण

(१) चालु आ.व.को अख्तियारी र स्वीकृतीको चौमासिक विभाजन प्राप्त मिति : २०७३।०४।३०

(२) चालु आ.व.को वजेट निकासाको लागी माग गरेको मिति : २०७३।०७।३०

(३) चालु आ.व.को वजेट निकासा भएको मिति : २०७३।०७।३०

(४) वजेट निकासा हुन नसकेको भए सोको कारण :

(ज) आयोजनाको चालु आ.व.को वजेट विवरण (रु.लाखमा)

| चालु आ.व.को विनियोजित वजेट | हाल सम्मको निकासा | हाल सम्मको खर्च | कैफियत |
|---|---|---|---|
| १,८९,३५,०००।- | ३६,३०,९२०।- | ३६,३०,९२०।- | |

(झ) व्यवस्थापकिय पक्ष :

(१) भौतिक :

| भौतिक साधन | संख्या | सवारी साधन | संख्या | खुद प्रयोग सवारी संख्या | थप कुनै साधन आवश्यकता भए साधनको नाम | संख्या |
|---|---|---|---|---|---|---|
| भवन | ८ | जीप | ४ | ४ | ईलाका वन कार्यालयलाई भवन निर्माण गर्नुपर्ने | ५ |
| | | टयाक्टर | १ | १ | | |
| | | मोटरसाइकल | ५ | १ | | |

(२) जनशक्ति :

| दरवन्दीको पद | पदपूर्ति संख्या | रिक्त संख्या | रिक्त रहेको अवधि र कारण | दरवन्दी प्रयाप्त/अप्रयाप्त |
|---|---|---|---|---|
| जि.व.अ. | १ | | | |
| स.व.अ. | १६ | | | |
| रेन्जर | ७ | १ | | |
| फरेष्टर | १० | | | |
| जमदार | ३ | | | |
| हवल्दार | २ | | | |
| स.व.र | ९ | २० | | |
| वन रक्षक | ४८ | | | |
| लेखापाल | १ | | | |
| शा.अ. | - | १ | | |
| ना.सु/खरिदार | ४ | | | |
| श्रेणीविहीन | ५ | ३ | | |

(आ) <u>अपेक्षित उपलव्धीहरु</u> :

| क्र.स | प्रमुख कृयाकलापहरु | अपेक्षित प्रतिफलहरु | वार्षिक लक्ष्यको तुलनामा प्रथम चौमासिकको भौतिक प्रगति प्रतिशत | आयोजनको हालसम्मको प्रतिफल र उपलब्धिहरु |
|---|---|---|---|---|
| १ | नर्सरी मर्मत, सुदृढिकरण र व्यवस्थापन ( वायोइञ्जिनियरिङ) | २ वटा नर्सरी मर्मत भएको हुने | १०० % | नर्सरी मर्मत कार्य सम्पन्न भएको |
| २ | विभिन्न काठ, डालेघास, दाउदा, गैह्काष्ठ वन पैदावार रुख प्रजातिका विरुवा उत्पादन खरिद तथा वितरण | चाद हर्दियामा ३,५०,००० र वकैयामा १,००,००० विरुवा उत्पादन भएको हुने सार्थ १ लाख विरुवा खरिद गरि वितरण हुने | ८० % | विरुवा उत्पादन कार्य जारी |
| ३ | अम्रिसो विरुवा उत्पादन वा खरिद गरी वितरण | ६०,००० विरुवा रोपेको हुने | | |
| ४ | वाँसको कलमी विरुवा उत्पादन वा खरिद भई वितरण | ५००० कलमी विरुवा रोपण हुने | | |
| ५ | नदी प्रणालीको खालि, सार्वजनिक पर्ति जग्गा एवम् अतिक्रमण भएको जग्गा खालि गरेको क्षेत्रमा तारवार र वृक्षारोपण | चाद हर्दियामा १६ हेक्टर र वकैयामा ४५ हेक्टर जमिनमा वृक्षारोपण हुने | | |
| ६. | गत आ.व.मा भएको वृक्षारोपणको गोडमेल, पुनः रोपण, संरक्षण ( हेरालु) र व्यवस्थापन | चाद हर्दियामा १०० हेक्टर र बकैयामा २०० हेक्टर क्षेत्र वृक्षारोपण र व्यवस्थापन गरिने | | |
| ७ | नदी उकास सार्वजनिक जग्गामा रुख प्रजाति, वाँस, निगालो, अम्रिसो, डालेघाँस तथा अन्य आय आर्जनका विरुवा रोपण तथा संरक्षण | चाद हर्दियामा १३ हेक्टर र वकैयामा ४५ हेक्टर जमिनमा वृक्षारोपण हुने | | |
| ८ | जैविक, वातावरणीय एवं भू-स्खलनका हिसावले अति संवेदनशिल रहेका वन क्षेत्र को सुधार र संरक्षण | २२ हेक्टर वनक्षेत्र संरक्षित हुने | | |
| ९ | कर्मचारीहरुको क्षमता अभिवृद्धि तालिम | २० जना कर्मचारीको क्षमता अभिवृद्धि हुने | | |
| १० | नियमित गस्ती तथा अनुगमन | जिल्लाको सम्पुर्ण वनक्षेत्र  सुरक्षित हुने | | |
| ११ | चुरे क्षेत्रमा आगलागी नियन्त्रण तथा व्यवस्थापन | चाँदी हर्दिया नदी र वकैया नदी प्रणालीका वनक्षेत्रमा आगलागी न्युनिकरण हुने | | |
| १२ | चुरे क्षेत्रमा चरिचरन नियन्त्रण तथा व्यवस्थापन (समुह संजाललाई चरिचरन नियन्त्रणको लागी अनुदान ) | चाँदी हर्दिया नदी प्रणाली लगायतका वनक्षेत्रमा चरिचरण नियन्त्रण हुने | | |
| १३ | नदी प्रणालीको उपभोक्ताहरुलाइ अन्तरजील्ला ५ दिने भ्रमण साथै क्षमता अभिवृद्धि तालिम | २५ जना उपभोक्ताको क्षमता अभिवद्धि हुने | | |
| १४ | वन डढेलो नियन्त्रण संजाल निर्माण गर्ने | २ नदी प्रणालीमा २ वटा छुट्टाछुट्टै संजाल निर्माण हुने | | |

(३) **आयोजना कार्यान्वयनमा देखापरेका प्रमुख समस्याहरु र समाधानका उपायहरु** (महत्वको क्रम अनुसार)

| क्र.स | समस्या विवरण | समाधानकालागी गरिएका प्रयासहरु | समाधानका उपायहरु |
|---|---|---|---|
| १ | खुल्ला चरिचरण | प्रचार प्रसार, गोष्ठी | चरिचरण निषेधित क्षेत्र घोषणा र उन्नत पशुपालन |
| २ | वन डढेलो | प्रचारप्रसार, डढेलो रोकथाम अभ्यास | स्थलगत डढेलो रोकथाम वन व्यवस्थापन, अग्नी रेखा |
| ३ | ढुंगा गिट्टी, वालुवा चोरी | वन गस्ती रोकथाम र कारवाही | वन गस्ती र कारवाही |
| ४ | वन अतिक्रमण | अतिक्रमण नियन्त्रण गर्न सुरक्षाकर्मी परिचालन, प्रचारप्रसार | अतिक्रमण हटाई वन पुनःस्थापना |
| ५ | वन फडानी | वन गस्ती गरी रोकथाम र मुद्दा | वन गस्ती रोकथाम, अभियुक्तलाई कारवाही, प्रचारप्रसार, वन संरक्षण र स्थलगत नियन्त्रण |
| ६ | पहिरो, बाढी | वृक्षारोपण | नदी तटीय संरक्षण तटवन्ध, चुरेमा वृक्षारोपण |
| | | | |

*(४)* **यस आ.व.मा यस अघि भएको निरिक्षण विवरण**

| क्र.स | निरिक्षण गर्ने पदाधिकारीको नाम,थर, पद र कार्यालय | निरिक्षण गरेको मिति |
|---|---|---|
| १ | वन सचिव ज्यू | २०७३।०८।०९ |
| २ | मध्यमाञ्चल क्षेत्रिय वन निर्देशक ज्यू | २०७३।०८।२८ |

## (५) स्थलगत निरिक्षणवाट देखिएका आयोजनाका उल्लेखनिय पक्षहरु :

(क) उल्लेखनिय क्रियाकलाप :

चादी हर्दिया नदी प्रणाली आयोजना र वकैया नदी प्रणाली आयोजना अर्न्तगत नर्सरी मर्मत सुदृणिकरण र व्यवस्थापन, वृक्षारोपण, गोडमेल, पुनः रोपण, वन अतिक्रमण रोकथाम, वन पैदावार चोरी निकासी नियन्त्रण तथा व्यवस्थापन, चुरेक्षेत्रमा आगलागी नियन्त्रणमा संजाल निर्माण, नदी प्रणालीको खाली सार्वजनिक जग्गा अतिक्रमण रोक्न तारवार र वृक्षारोपण,वन क्षेत्र सुरक्षाका लागि गस्ती अनुगमन, सामुदायिक वन समुहलाइ अनुदान र उपभोक्ता समुह क्षमता वृद्दि तालिम साथै अन्तर जिल्ला भ्रमण, विरुवा खरिद विक्रि तथा वितरण ।

(ख) उल्लेखनिय प्रतिफल :

- २ वटा नर्सरी मर्मत कार्य सम्पन्न भई व्यवस्थापन भएको
- वन डढेलो नियन्त्रणलाई संजाल निर्माण कार्य हुने
- सामुदायिक वन समुहलाई क्रियाशिल वनाउन २ समुहका लागि अनुदान सहयोग दिएको
- खाली सार्वजनीक प्रति जग्गा तारवार गरी वृक्षारोपणवाट १५० हेक्टर जमिन संरक्षण हुने
- गत आ.व.को संरक्षण गरिएको २०० हेक्टर वन क्षेत्र पुनः वृक्षारोपण हुने भएको
- विभिन्न काठ, डालेघास र गैर काठ प्रकृतिका विरुवा उत्पादन, खरिद र वितरण हुने
- वन समुहका २५ उपभोक्तालाई क्षमता अभिवृद्दि तालिम र अन्तरजिल्ला भ्रमण हुने
- निरन्तर गस्ती अनुगमन भएको

(ग) सवल पक्ष :

- सामुदायिक वन समुहलाई क्रियाशिल गराउन सकिएको
- खाली सार्वजनिक प्रति जग्गा अतिक्रमण न्युनिकरणमा सहयोग पुगेको
- वृक्षारोपण तथा पुनःरोपण कार्यवाट वन व्यवस्थापन भएको
- वन डढेलो नियन्त्रण गर्न संजाल निर्माण भएको
- वन समुहका उपभोक्ताहरुलाई क्षमता अभिवृद्दि तालिम साथै अन्तरजिल्ला भ्रमण भएको

(घ) दुर्वल पक्ष :

- सुख्खायाममा डढेलो प्रकोप रोक्न कठिन भएको
- पुर्ण रुपमा वन अतिक्रमण हटाउन विविध खालका समस्याले सम्भव नभएको
- ढुंगा गिटि चरम रुपले निकालिने, चोरीहुने जस्ता कार्यवाट वन असुरक्षीत रहेको
- वन पैदावार र वन्यजन्तु चोरी निकासी समाधान हुने उपाय कठिन देखिएको

## (६) <u>विभिन्न सरोकारवालाहरुको धारणा</u>

(क) लाभग्राहीको धारणा :

(ख) उपभोक्ता समितिको धारणा :

- थप वन समुह वनाई वन संरक्षण र चोरी नीकासी रोक्नमा परिचालन गर्नु पर्ने
- गाँउमा वनाइने वन संरक्षण संजाललाई आवश्यकता अनुसार वन संरक्षण सम्वन्धी व्यवहारिक तालिम निरन्तर भइरहनु पर्ने
- खडेरीयाममा वन जंगलमा लाग्ने डढेलो लाई रोकथाम गर्न अरुवेला भन्दा छुट्टै प्राथमिकताको गस्ती हुन र वन समुह परिचालन हुन जरुरी रहेको

(ग) लाभग्राही वाहेक अन्यको धारणा :

## (७) *आयोजनाको सम्वन्धमा आयोजना प्रमुखको भनाई सुझावहरु* :

(अनुमान, जोखिम, ठेक्का लागे / नलागेको, आयोजनाको सुरु लागत संसोधन भएको भए सो लागत रकम, लक्ष्य प्रगतिको तुलना र अन्तर विश्लेषण, मुआव्जा सम्वन्धि स्थिति सहित वर्तमान स्थिति)

जोखिमहरु

- सम्पन्न कार्यको दिगो संरक्षणमा चुनौती
- वन अतिक्रमण चुरे क्षेत्रमा पुरानो रोगको रुपमा चुनौती
- उत्पादन भएका विरुवा निजी किसानले रोपण गर्न लागेकोमा रोपण र हुर्काउने चुनौती
- वन अतिक्रमण हटाउन जनवल र आट अनि विकल्पको चुनौती
- ढुंगा गीटीको चरम माग तर निकासी गर्न नमिल्ने प्रावधान(चुरे क्षेत्र) वाट चोरी निकासी चुनौती भई यसवाट वन जंगल कटान र भू-क्षय वृद्दि रोकथाममा चुनौती वढेको
- खुल्ला क्षेत्रमा वन संरक्षणको चुनौती, वन्यजन्तु र वन पैदावार चोरीनीकासी चुनौती
- अव्यवस्थित वसोवासवाट वन अतिक्रमण चुनौती
- सुख्खायाममा डढेलो प्रकोपको चुनौती

अन्य कुराहरु

- कार्यक्रम संसोधन नभएको
- लागत इष्टमेट गरी चौमासिक विभाजन अनुसार कार्यक्रम संचालन भएको
- कार्यक्रमको क्षेत्र छनौट गरी कार्यक्रम संचालन गर्ने योजना वन्दै गरेको
- इलाकागत अनुगमनको व्यवस्था गरिएको
- मुआव्जा दिने व्यवस्था नभएकाले निजि क्षेत्र परिचालनको कार्यक्रम सहज नभएको
- लक्ष्य अनुसार प्रगती प्राप्ती सुनिश्चित रहेको
- जोखिम व्यवस्थापनको लागि अन्तरनिकाय समन्वयको कार्य न्युन मात्रमा भए पनि रहेको

(८) आयोजना स्थलमा लिएको फोटो,नक्सा आदि









९) **निष्कर्ष :**

राष्ट्रिय गौरवको राष्ट्रपति चुरे -तराई-मधेस संरक्षण कार्यक्रम अर्न्तगत नेपाल सरकारकै श्रोतवाट आ.व.०६७।६८ देखि संचालन भएको यो कार्यक्रम रौतहट जिल्लामा समेत आ.व.०६७।६८ देखि नै संचालनमा आएको पाइयो । यस जिल्लामा यस कार्यक्रमलाई जिल्ला वन कार्यालयको अतिरिक्त जिल्ला भू-संरक्षण कार्यलय, जिल्ला कृषि विकास कार्यालय र जिल्ला पशु सेवा कार्यालय वाट समेत यो कार्यक्रम यस क्षेत्रमा २ वटा नदी प्रणाली अर्न्तगतनै कार्यक्रम भई रहेको छ ।

१. चादी हर्दिया नदि प्रणाली
२. वकैया नदि प्रणाली

**जिल्ला वन कार्यालय मार्फत यस जिल्लामा मुख्यतया निम्न उल्लेखनिय कार्य भए गरेको**

- वन समुहका उपभोक्ताहरुलाई क्षमता अभिवृद्दि गराउनुको साथै परिचालन गरी नर्सरी वाट उत्पादन भएका विरुवा र खरिद गरिएका विरुवा वितरण गरी विभिन्न स्थान छनोट गरी वृक्षारोपण गरे गराएको
- आयोजना संचालन गर्ने कार्यालयवाट समेत कार्यक्रम स्थल छनोट गरी वृक्षारोपण र पुनः रोपण भए गरेको साथै वन संरक्षणमा गस्ती परिचालन भएको
- वन डढेलो रोक्न वन संरक्षण संजाल निर्माण र संचालन भएको

**उपलव्धी**

- नदी कटान रोकी चुरे क्षेत्रको वन संरक्षणलाई र नदी उकास जमिनलाई व्यवस्थापन भएको
- वन पैदावार चोरी नीकासीलाई वन उपभोक्ता समुह र कार्यालयको गस्तीवाट संरक्षण भएको
- नदीको मुहानलाई रिचार्ज क्षेत्रको रुपमा सुरक्षित राख्न वृक्षारोपणले सुधार गरेको
- वन समुहको उपभोक्ताहरुको पेशागत क्षमता अभिवृद्दि गराई वन क्षेत्रमा परिचालन हुदा पेशा अभिवृद्दि र रोजगारी वढेको

**कमजोरी**

- खडेरीयाममा वन जंगलमा हुने आगलागी जोगाउन उचित ध्यान र दुर दृष्टि नवनेको
- चुरेक्षेत्रको ढुगां गिटि वालुवा चोरी निकासी कार्यले चुरे क्षेत्र वन व्यवस्थापन जटिल वनेको
- वन पैदावार र वन्यजन्तु चोरी निकासी रोक्न थप आवश्यक गृहकार्य जरुरी रहेको

**अनुगमन टोली**
**माननिय सदस्य : डा.कृपा सिन्धु प्रसाद**
**योजना अधिकृत : नइन्द्र प्रसाद दाहाल**

नेपाल सरकार
राष्ट्रिय योजना आयोगको सचिवालय
जिल्लागत आयोजना अनुगमन विवरण

आयोजनाको नाम : राष्ट्रपती चुरे तराइ मधेस संरक्षण विकास कार्यक्रम
आयोजना संचालन गर्ने कार्यालय : जिल्ला भु-संरक्षण कार्यालय जिल्ला : रौतहट
आयोजना प्रमुखको नाम : श्याम सुन्दर श्रेष्ठ आयोजनामा रहेको अवधि : ०७२ साल देखि

**१.पृष्ठभुमि** :

क) परिचय :

राष्ट्रिय गौरवका आयोजनाको रुपमा यस आयोजनाले रौतहट जिल्लामा आ.व.०६७६८ देखि प्रवेश पाएको छ । यस कार्यक्रमलाई राष्ट्रपती चुरे तराई मधेस संरक्षण विकास समितिले चुरेको माथिल्लो तट देखि तल्लो तट भारतको सिमाना सम्म खासगरी वनक्षेत्र, कृषिक्षेत्र, पशुपंक्षी क्षेत्र र भु-संरक्षण क्षेत्रमा नेपाल सरकारको सेवा प्रदायक निकाय र गैर सरकारी संघ संस्थाको सहकार्यबाट विभिन्न कार्य भैरहेको छ । यस कार्यक्रमलाई राष्ट्रपती चुरे संरक्षण समन्वय इकाई मार्फत वजेट प्रवाह भई व्यवस्थापन भएको देखिन्छ ।

ख) उदेश्य :

१.नदीवाट हुने क्षति न्युनिकरण गर्दे जैविक विविधता संरक्षण गरी वातावरण सन्तुलत कायम गर्ने
२. वनजंगलको सुरक्षा गर्दे नदी नाला का सम्पदाहरु लाई व्यवस्थापन गरी उचित उपयोग संरक्षण गर्ने
३. कृषि वाली र पशुजन्य पेशालाई यस क्षेत्रमा उचित व्यवस्थापन गर्ने
४. यस क्षेत्रका जनसमुदायलाई लाभान्वीत हुने गरी जीवीकोपार्जनमा आय आर्जनका उपायहरु वृद्धि गराई रोजगारी वढाउने, समुदायको जीवनस्तर सुधार गर्ने, गरिवी न्युनिकरणमा टेवा पुराउने, पेशागत क्षमता वृद्धि गराइ जनसमुदायले आय आर्जन गर्ने पेशा लाई वढाउने

ग) जिल्ला भु-संरक्षण कार्यालयले आ.व.०६७६८ मा चादी हर्दिया नदी प्रणाली अर्न्तगत कार्य सुरु गरेकोमा आ.व.०७१।७२ देखि वकैया नदी प्रणाली अर्न्तगत समेत हुने गरी २ प्रणालीमा यो कार्यक्रम संचालनमा ल्याएको छ

घ) यस जिल्लामा यस कार्यक्रमलाई जिल्ला भू-संरक्षण कार्यालयका अतिरिक्त जिल्ला कृषि विकास कार्यालय, जिल्ला पशु सेवा कार्यालय र जिल्ला वन कार्यालय ले समेत उपरोक्त २ प्रणाली अर्न्तगत नै रहेर आयोजना संचालन गरि रहेको छ ।

२) आयोजनाको समग्र चिनारी :

(अ) श्रोत व्यवस्थापन

(क) व.उ.शि.नं. : ३२९१२४-४

(ख) खर्चको श्रोत : (१) नेपाल सरकार : नेपाल सरकार (२) वैदेशिक : ×

(ग) गत आ.व.को भौतिक प्रगति प्रतिशत : ९७ %

(घ) गत आ.व.सम्मको भौतिक प्रगति प्रतिशत :

(ङ) गत आ.व. को वित्तिय प्रगति प्रतिशत : ९५.२८% ( रु.१,५६,२०,०००।- मा रु.१,४८,८३,९२०।-)

(च) गत आ.व. सम्मको वित्तिय प्रगति प्रतिशत :

(छ) आयोजनको आ.व.०७३।७४ को कार्यक्रम र वजेट सम्वन्धि विवरण

(१) चालु आ.व.को अख्तियारी र स्वीकृतीको चौमासिक विभाजन प्राप्त मिति : ०७३।०४।१९

(२) चालु आ.व.को वजेट निकासाको लागी माग गरेको मिति :

(३) चालु आ.व.को वजेट निकासा भएको मिति :

(४) वजेट निकासा हुन नसकेको भए सोको कारण : दोश्रो र तेश्रो चौमासिकमा कार्य सम्पादन हुने

(ज) आयोजनाको चालु आ.व.को वजेट विवरण (रु.लाखमा)

| चालु आ.व.को विनियोजित वजेट | हाल सम्मको निकासा | हाल सम्मको खर्च | कैफियत |
|---|---|---|---|
| १५६.२० | ०.६२३७० | ०.६२३७० | |

(झ) व्यवस्थापकिय पक्ष :

(१) भौतिक :

| भौतिक साधन | संख्या | सवारी साधन | संख्या | खुद प्रयोग सवारी संख्या | थप कुनै साधन आवश्यकता भए साधनको नाम | संख्या |
|---|---|---|---|---|---|---|
| सोलार व्याकअप | १ | जीप | १ | १ | | |
| | | मोटरसाइकल | ३ | ३ | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(२) जनशक्ति :

| दरवन्दीको पद | पदपूर्ति संख्या | रिक्त संख्या | रिक्त रहेको अवधि र कारण | दरवन्दी प्रयाप्त/अप्रयाप्त |
|---|---|---|---|---|
| जि.भू.सं.अ. | १ | | | |
| स.भू.सं.अ. | २ | | | |
| इन्जिनियर | - | १ | | |
| प्रा.स. | - | १ | | |
| लेखापाल | १ | | | |
| ना.सु. | १ | | | |

(आ) अपेक्षित उपलव्धीहरु :

| क.स | प्रमुख कृयाकलापहरु | अपेक्षित प्रतिफलहरु | वार्षिक लक्ष्यको तुलनामा प्रथम चौमासिकको भौतिक प्रगति प्रतिशत | आयोजनको हालसम्मको प्रतिफल र उपलब्धिहरु |
|---|---|---|---|---|
| १ | गल्छी खहरे नियन्त्रण | चादी हर्दिया र वकैया कटान रोकी जमीन संरक्षण | ५% | स्थल छनोट |
| २. | मुल संरचनालाई रिचार्च पोखरी निर्माण | पोखरी निर्माणहुदा समुदायलाई मुल व्यवस्थापन भई पोखरीवाट थप आय-आर्जन भएको जलचर पशुपंक्षीलाई जलाशय भएको वन संरक्षण समेत हुने भइ पर्यटकीय स्थलमा समेत रुपान्तरण हुने | १० % | ४ वटा पोखरी निर्माण भएको |
| ३ | खोला नदी कटान संरक्षण | चादी हर्दिया र वकैयामा जमिन कटान रोकिएको | १० % | २ कि.मि. कटान संरक्षण भएको |
| | | | | |
| | | | | |

(३) आयोजना कार्यान्वयनमा देखापरेका प्रमुख समस्याहरु र समाधानका उपायहरु (महत्वको क्रम अनुसार)

| क.स | समस्या विवरण | समाधानकालागी गरिएका प्रयासहरु | समाधानका उपायहरु |
|---|---|---|---|
| १ | मागभन्दा कार्यक्रम कम रहेको | छलफल अन्तरक्रिया | प्राथमीकरण गरी छनोट, थप कार्यक्रमको लागि पहल |
| २ | उपभोक्ताहरुको मागमा प्रतिस्पर्धा | दलहरु तथा पँहुच भएका व्यक्तिहरुको दवावलाई समन्वय वाट न्युनिकरण | छलफल समन्वय गरी प्राथमिकीकरण |
| | | | |

## *(४)* यस आ.व.मा यस अघि भएको निरिक्षण विवरण

| क.स | निरिक्षण गर्ने पदाधिकारीको नाम,थर, पद र कार्यालय | निरिक्षण गरेको मिति |
|---|---|---|
| | | |
| | | |

## (५) स्थलगत निरिक्षणवाट देखिएका आयोजनाका उल्लेखनिय पक्षहरु :

(क) उल्लेखनिय क्रियाकलाप :

चादी हर्दिया र वकैया नदी प्रणाली अर्न्तगत भू-स्खलन उपचार, गल्छि, पहिरो तथा खहरे नियन्त्रण, पानीको मुहान संरक्षण, नदीको खोला किनार उपयोगका लागि व्यवस्थापन ताल तलैया संरक्षण, नदी उकासी जग्गा संरक्षण, रेन वाटर रनअप हर्मेस्टिङ डयाम निर्माण ।

(ख) उल्लेखनिय प्रतिफल :

- चादी हर्दिया र वकैया नदी कटान रोकथाम भएको
- मुल संरक्षणलाई रिचार्च पोखरी निर्माण भएको
- नदी कटान रोक्न र वन संरक्षण गर्न २ कि.मि. तटवन्ध भएको
- उपभोक्ताहरुलाई आय आर्जनका सिप, क्षमता वृद्धि भएको
- उपभोक्ताहरुलाई समुहगत रुपमा अनुदान सहयोग उपलव्ध गराई समुहगत क्रियाशिलता वढि आय आर्जन र रोजगारी वृद्धि भएको
- वन्यजन्तुलाई जलाशय वनी पशुपंक्षी तथा चराचुरुङ्गी वृद्धि भएको
- पर्यटकीय क्षेत्रका रुपमा सम्भावना वढेको

(ग) **सवल पक्ष :**

**आ.व.**०७२।७३ मा चन्द्रपुर न.पा.१ स्थित श्रमिक युवा आय आर्जन हरियाली समुहलाई यस कार्यालयले करिव १५ हेक्टर वगर नदी तार घेरा वारा गरी उकास भएको जमिन उपलव्ध गराएको छ । सो मध्ये ५ हेक्टर जमिनमा उक्त समुहवाट आयोजना संचालन गर्ने कार्यालयले प्रतिपोखरी रु. २ लाखका दरले जम्मा रु.८ लाख उपलव्ध गराएको अनुदान रकममा उक्त समुहवाट ५ लाख वरावरको श्रमदान भई ४ वटा पोखरी निर्माण भएको देखिन्छ । यस्तो पोखरी निर्माण कार्य थप ८ वटा वढाउनका लागि उत्त २५ घरधुरी भएको समुह क्रियाशिल देखिन्छ । हाल उक्त समुहले प्रतिवर्ष वार्षिक १ लाख खुद मुनाफा हुने गरी माछापालन सुरु गरेको छ । थप पोखरी समेत आफ्नै श्रमदानवाट गर्ने गरी योजना उक्त समुहले राखेको पाइन्छ । यसो भएमा उसको श्रमदान सहितको लगानी ५ वर्षमा उठी निरन्तर नाफायोग्य अवस्थामा जानेछ । यो कार्यक्रम चन्द्रपुर न.पा. १ मा राजमार्गवाट १ कि.मि. मात्रको दुरीमा रहेकाले पर्यटनमा वृद्धि हुने, वनजंगलको घनाठाउमा रहेकोले जंगली पशु पंक्षीलाई जलाशय वन्न जाने भई वातावरणीय तथा जैविक विविधताको क्षेत्रमा यस कार्यक्रम नमुनायोग्य भई विकास गर्नेछ ।

(घ) दुर्वल पक्ष :

करिव १५ हेक्टर वगर नदी तार घेरा वारा गरी उकास भएको जमिनमा वनेका पोखरी संरक्षणलाई कटान रोकी थप पोखरी निर्माण गर्दै जमीन संरक्षण कार्यक्रम विकास गरि वातावरणीय तथा जैविक विविधताको क्षेत्रमा चादी हर्दिया नदी कटान रोक्ने उचित योजना वन्नु पर्ने ।

(६) **<u>विभिन्न सरोकारवालाहरुको धारणा</u>**

(क) लाभग्राहीको धारणा :

(ख) उपभोक्ता समितिको धारणा :

१. चादी हर्दिया नदी कटान रोकी १५ हेक्टर जमिन सुरक्षा हुनुपर्ने
२. यस क्षेत्रमा थप ८ वटा पोखरी निर्माणलाई साविकमा झैं प्रतिपोखरी रु.२ लाख अनुदान प्राप्त हुनुपर्ने
३. यसलाई वनजंगल सुरक्षा सम्वर्द्धन गर्ने, वन्यजन्तु चराचुरुङ्गीलाई संरक्षण र संवर्द्धन गर्ने साथै पर्यटकिय रुपमा समेत विकास गर्ने गरी वढाउनु पर्ने

(ग) लाभग्राही वाहेक अन्यको धारणा :

## (७) *आयोजनाको सम्वन्धमा आयोजना प्रमुखको भनाई सुझावहरु* :

(अनुमान, जोखिम, ठेक्का लागे / नलागेको, आयोजनाको सुरु लागत संसोधन भएको भए सो लागत रकम, लक्ष्य  प्रगतिको तुलना र अन्तर विश्लेषण, मुआव्जा सम्वन्धि स्थिति सहित वर्तमान स्थिति)

१. स्थल छनोट र आयोजना सर्भेक्षण साथै लागत अनुमान तयार गर्ने कार्यले पहिलो चौमासिकमा कार्य सम्पादन हुन नसकेको
२. निजी जमिनमा कार्यक्रम संचालन गर्न मुआव्जाको व्यवस्था नभएकाले उपभोक्ता आकर्षण नभएको
३. आवश्यक प्रर्याप्त योजना सहित अन्य सरोकारवाला निकायहरु पहिचान गरी एकिकृत रुपमा कार्यक्रम संचालन गर्न उचित हुने

(८) <u>आयोजना स्थलमा लिएको फोटो,नक्सा आदि</u>













(९) <u>निष्कर्ष</u> :

आ.व.०६७।६८ देखि संचालित यो राष्ट्रिय गौरवको आयोजनालाई प्राप्त न्युन वजेटमा आयोजना संचालन गर्ने कार्यालयले लक्ष्य अनुसार वार्षिक प्रगती हासिल गरीरहेको देखिन्छ । यहाँ तत्काल गर्नुपर्ने कार्य एउटा नमुना कार्यक्रमको रुपमा चन्द्रपुर १ मा संचालनमा रहेको २५ घर धुरीको १ उपभोक्ता समितिलाई दिएको रु ८ लाख अनुदानमा करिव २० लाख जतिको काम भएको देखिन्छ । यस कार्यक्रमले सुरुमा उपभोक्ता समितिलाई माछापालन गरी रोजगारी र सिपमा सक्षम र सवल तुलाई थप पोखरी निर्माण र माछा पालन वृद्धि गर्ने मात्र देखिएता पनि दिर्घकालिन रुपमा यसले वृहत महत्व राख्ने पाइन्छ । दिर्घकालिन रुपमा हेर्दा यस क्षेत्रलाई नदी उकास जमिनमा वनेका पोखरीहरु तल्लो भागमा वहने नदीहरुको मुहानको रिचार्ज पोखरी हुने, यसरी पोखरी नीर्माण र वनजंगल सुरक्षीत हुदा नदी कटान रोकिने, वन्यजन्तु र चराचुरुङ्गीलाई जल उपयोगको थलो वन्ने यसोहुदा वन्यजन्तु वृद्धि भई विदेशवाट समेत चराचुरुङ्गिहरु आई वस्ने स्थिती हुनेछ । यसले गर्दा आन्तरिक पर्यटन वृद्धिहुने र वनभोज लगायत विद्यालयका विद्यार्थिहरुलाई अवलोकन थलो समेत वन्न जानेछ । यस क्षेत्रमा स-साना खालका चिडिया खाना समेत राख्न सकिने छ । तसर्थ यस क्षेत्रलाई वचाउन तत्काल उचित र व्यवस्थित तटवन्ध हुन जरुरी देखिन्छ ।

**<u>अनुगमन टोली</u>**
**माननिय सदस्य : डा.कृपा सिन्धु प्रसाद**
**योजना अधिकृत : नइन्द्र प्रसाद दाहाल**

नेपाल सरकार
राष्ट्रिय योजना आयोगको सचिवालय
जिल्लागत आयोजना अनुगमन विवरण

आयोजनाको नाम : गंगा पिपरा खानेपानी आयोजना जिल्ला : रौतहट
आयोजना प्रमुखको नाम : अनिल प्रसाद केसरी आयोजनामा रहेको अवधि : २०७२।०१।०२

१.पृष्ठभुमि :

रौतहट जिल्लाको गंगा पिपरा गा.वि.स.वडा नं.६ मा ६ कठ्ठा जमिनमा २०५६ सालदेखी क्रमागत रुपमा रहेको यो आयोजना आ.व.०७१।०७२ मा सम्पन्न भई आ.व.०७३।७४ मा उपभोक्ता समितिलाई हस्तान्तरण गरिएको छ । यस खानेपानी आयोजना संचालनलाई २ वटा डीप वोरिङ राखेर ४५० घ.मि. पानीको टयाङ्की राखिएको छ भने यस खानेपानीवाट २६० वटा निजी धारा निर्माण भई करिव ४००० जनसंख्या का लागी गंगा पिपरा, भलोहिया र मत्सरी गा.वि.स.मा पानी व्यवस्थापन हुन पुगेको छ । सिभिल संरचनामा चौकीदार भवन १, कम्पाउण्डवाल १, पम्प हाउस १, ओभरहेड टयाङ्क ( ४५० घ.मि.) १, डीप वोरिङ्ग २, पाइप लाइन ११६ किलोमिटर लम्वाइमा विच्छाएको देखिन्छ । यस आयोजना संचालनलाई उपभोक्ता समितिले मर्मत संभार कोष वापत रु. १,२२,५००।- उठाएका छन् भने न्युनतम महसुल प्रतिधार रु.११०।- मासिकले उठाउने निर्णय भएको देखियो । मिटर राखेर १० हजार लिटर देखी माथी १५ हजार लिटर सम्म थप प्रतिहजार लिटरमा रु ५, १५ हजार लिटर देखि २० हजार लिटर सम्म प्रतिहजार लिटर रु.१० र २० हजार लि. देखि माथि जतीसुकै भए पनी प्रति हजार लि. रु. १५।- थप महसुल लिने गरेको पाइयो । यस जिल्लामा आर्सेनिक समस्याको कारणले जनताको माग अनुसार स्वच्छ खानेपानी उपलव्ध गराउने उदेश्यले यस आयोजनाको पहिचान गरि जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालयवाट सर्भे भई प्राप्त प्रतिवेदनको आधारमा लगत इस्टिमेट ३,६४,७७,०००।- मध्ये ८०% ले हुने रु २,८०,२८,०००।- राज्यले व्यहोरी वाकी जनश्रमदान वाट व्यहोरिएको पाइयो ।

२) **आयोजनाको समग्र चिनारी :**

**(अ) श्रोत व्यवस्थापन**

(क) व.उ.शि.नं. : ३४७८०२-४

(ख) खर्चको श्रोत : (१) नेपाल सरकार :  ८०% जनश्रमदान २०%        (२) वैदेशिक :

(ग) गत आ.व.को भौतिक प्रगति प्रतिशत : -

(घ) गत आ.व.सम्मको भौतिक प्रगति प्रतिशत : १००%

(ङ) गत आ.व. को वित्तिय प्रगति प्रतिशत :  -

(च) गत आ.व. सम्मको वित्तिय प्रगति प्रतिशत : ७६.८४%

(छ) आयोजनको आ.व.०७३।७४ को कार्यक्रम र वजेट सम्वन्धि विवरण

(१) चालु आ.व.को अख्तियारी र स्वीकृतीको चौमासिक विभाजन प्राप्त मिति : -

(२) चालु आ.व.को वजेट निकासाको लागी माग गरेको मिति : -

(३) चालु आ.व.को वजेट निकासा भएको मिति : -

(४) वजेट निकासा हुन नसकेको भए सोको कारण : :कार्यक्रम सम्पन्न भई आ.व.०७३।७४ मा हस्तान्तरण भैसकेको

(ज) आयोजनाको चालु आ.व.को वजेट विवरण (रु.लाखमा)

| चालु आ.व.को विनियोजित वजेट | हाल सम्मको निकासा | हाल सम्मको खर्च | कैफियत |
|---|---|---|---|
| - | - | - | - |

(झ) व्यवस्थापकिय पक्ष : उपभोक्ता समितीको अपनत्व साधन

(१) भौतिक :

| भौतिक साधन | संख्या | सवारी साधन | संख्या | खुद प्रयोग सवारी संख्या | थप कुनै साधन आवश्यकता भए साधनको नाम | संख्या |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(२) जनशक्ति : उपभोक्ता समिति को जनशक्ति

| दरवन्दीको पद | पदपूर्ति संख्या | रिक्त संख्या | रिक्त रहेको अवधि र कारण | दरवन्दी प्रयाप्त/अप्रयाप्त |
|---|---|---|---|---|
| व्यवस्थापक | १ | | | |
| प्लम्वर | १ | | | |
| चौकिदार | १ | | | |
| कार्यालय सहयोगी | १ | | | |
| मीटर रिडर | १ | | | |
| | | | | |

(आ) अपेक्षित उपलव्धीहरु :

| क्र.स | प्रमुख कृयाकलापहरु | अपेक्षित प्रतिफलहरु | वार्षिक लक्ष्यको तुलनामा प्रथम चौमासिकको भौतिक प्रगति प्रतिशत | आयोजनको हालसम्मको प्रतिफल र उपलब्धिहरु |
|---|---|---|---|---|
| १ | ४५० घ.मि.को ओभरहेड टयाङ्की १ निर्माण | करिव ४००० जनसंख्या लाभान्वीत | आ.व.०७३।०७४ मा हस्तान्तरण | २६० वटा निजी धारा संचालन |
| २ | ११.६ कि.मि. पाइपलाइन विस्तार | धाराहरु निर्माण | आ.व.०७३।०७४ मा हस्तान्तरण | नियमित खानेपानी संचालन |
| ३ | डीप वोरीङ २ थान जडान | नियमीत पानी आपुर्ती | आ.व.०७३।०७४ मा हस्तान्तरण | नियमित खानेपानी संचालन |
| ४ | चौकिदार/कार्यालय भवन निर्माण | उपभोक्ता समितिको कार्यालय संचालन भएको र सुरक्षाकर्मी रहेको | आ.व.०७३।०७४ मा हस्तान्तरण | कार्यालय व्यवस्थापन र कार्यालय सुरक्षा |
| | | | | |
| | | | | |
| | | | | |

(३) **आयोजना कार्यान्वयनमा देखापरेका प्रमुख समस्याहरु र समाधानका उपायहरु (महत्वको क्रम अनुसार)**

| क्र.स | समस्या विवरण | समाधानकालागी गरिएका प्रयासहरु | समाधानका उपायहरु |
|---|---|---|---|
| १ | जनश्रमदान जुटाउन कठिन भएको | समिती र उपभोक्ता संग भेला तथा छलफल | पटक पटक छलफल तथा बैठक भएको |
| २ | लामो अवधिमा आयोजना सम्पन्न भएको | वर्षै पिच्छे वजेट माग गर्नु परेको | १७ वर्षमा आयोजना हस्तान्तरण गर्न सकिएको |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

*(४)* **यस आ.व.मा यस अघि भएको निरिक्षण विवरण**

| क्र.स | निरिक्षण गर्ने पदाधिकारीको नाम,थर, पद र कार्यालय | निरिक्षण गरेको मिति |
|---|---|---|
| | | |
| | | |

## (५) स्थलगत निरिक्षणवाट देखिएका आयोजनाका उल्लेखनिय पक्षहरु :

(क) उल्लेखनिय क्रियाकलाप :

१. ४५० घ.मि.को ओभरहेड टयाङ्गी निर्माण भएको
२. २६० निजी धारा र ५ वटा सार्वजनिक धारा निर्माण भएको
३. ११.६ कि.मि. पाइपलाइन विस्तार भएको
४. डिप वोरिङ २ थान जडान भएको, पम्प हाउस १ निर्माण भएको
५. कम्पाउण्ड वाल लगाइएको, जमिन ६ कट्ठा उपभोक्ता समितिको भएको
६. भल चेम्वर १० थान र पम्प लोरिङ स्टान्ड १ थान जडान भएको

(ख) उल्लेखनिय प्रतिफल :

१. ३ वटा गा.वि.स.मा रहेका ४००० जनसंख्यालाई स्वच्छ पानी पुगेको
२. २६० निजी धारा र ५ वटा सार्वजनिक धारावाट सेवा प्रवाह भएको

(ग) सवल पक्ष :

१. उपभोक्ता समिति जागृत र सक्रिय रहेको
२. योजना व्यवस्थीत रुपमा संचालन योग्य अवस्थामा भएको

(घ) दुर्वल पक्ष :

१. वार्षिक न्युन वजेट र लामो अवधिमा आयोजना सम्पन्न भएको
२. हस्तान्तरण पुर्व योजना तय गर्दा आवश्यक पावर सहित १ थान जेनेरेटर व्यवस्थापन नभएको
३. आयोजना संचालन गर्ने निकायले निरन्तर रुपमा अनुगमन र मर्मत संभारलाई १ जना सव इन्जिनियर हस्तान्तरण भएका १० आयोजनालाई हुने गरि व्यवस्थापन हुनु पर्ने
४. कम्तीमा २ वर्ष हस्तान्तरण पश्चात मर्मत वापत राज्यवाट मर्मत कोष राखी मर्मत सुधार को जीम्वेवारी लीनुपर्ने

## (६) <u>विभिन्न सरोकारवालाहरुको धारणा</u>

(क) लाभग्राहीको धारणा :

१. आर्सनिक रहीत पानी घरघरमा हुदा सहजता
२. थप आयोजना विस्तारलाई मार्गदर्शन
३. हस्तान्तरण पश्चात २ वर्ष राज्यले मर्मत सुधार गरिदीनु पर्ने

(ख) उपभोक्ता समितिको धारणा :

१. हस्तान्तरण पश्चातको न्युनतम २ वर्षलाई मर्मत कोष सम्वन्धी राज्यले आवश्यक नीति सहित व्यवस्थापन गर्नुपर्ने
२. निरन्तर आवश्यक प्राविधिक सल्लाहको लागि धेरै आयोजनालाई समेटने गरी प्राविधिक परिचालन हुन जरुरी

(ग) लाभग्राही वाहेक अन्यको धारणा :

१. यस ओभरहेड टयाङ्कीवाट थप ५०० धारा लाई पानी वितरण गर्ने गरी २० कि.मि. पाइप लाइन विस्तार गरी आयोजनाको क्षेत्र फराकिलो वनाउन जरुरी

(७) ***आयोजनाको सम्वन्धमा आयोजना प्रमुखको भनाई सुझावहरु*** :

(अनुमान, जोखिम, ठेक्का लागे / नलागेको, आयोजनाको सुरु लागत संसोधन भएको भए सो लागत रकम, लक्ष्य प्रगतिको तुलना र अन्तर विश्लेषण, मुआव्जा सम्वन्धि स्थिति सहित वर्तमान स्थिति)

१. हस्तान्तरण पश्चात ३ वर्ष राज्यले आयोजनालाई मर्मत कोष व्यवस्थापन गर्नु पर्ने
२. आयोजना सम्पन्न गर्न वढिमा १० वर्ष भन्दा वढि नलाग्ने गरि आयोजना संचालन गर्नु पर्ने
३. वढि समय लागेको कारणले पटक पटक लागत अनुमान संसोधन हुने गरेको
४. वजेट व्यवस्थाको अधिनमा लक्ष्य अनुसार प्रगति भएको
५. मुआव्जा सम्वन्धी समस्या नआएको
६. आयोजनाको सुरुदेखि सम्पन्न हुदा सम्मको २० वर्षे अभिलेख सुरक्षीत र सही वन्न कठिन रहेको
७. जुनसुकै स्थानको सवै आयोजनामा उपभोक्ताले जमिन उपलव्ध गराउन नसक्ने हुदा आवश्यकता अनुसार जमिन पनि खरिद गरी राज्यले दायित्व लिनु पर्ने अवस्था देखिएको
८. आयोजनाको लेखा सम्वन्धित मन्त्रालयले सफ्टवेयर वनाई केन्द्रीकृत रुपमा संचालन गर्नु पर्ने

(८) <u>आयोजना स्थलमा लिएको फोटो,नक्सा आदि</u>





(९) <u>निष्कर्ष</u> :

प्रस्तुत आयोजना आ.व. ०५५।०५६ देखि सुरु भई १७ वर्षको अवधिमा मात्र उपभोक्ता समितिलाई हस्तान्तरण गरिएको देखिदा राज्यको नीति अनुसार सन् २०१७ सम्ममा नेपाली जनतालाई स्वच्छ खानेपानी उपलब्ध गराउने परिकल्पना अझै २० वर्षमा समेत प्राप्त हुन कठिन देखिन्छ तसर्थ संचालनमा रहेका सवै आयोजना को क्रमागत अवस्था वढिमा १० वर्षको अवधि भित्र सम्पन्न हुने गरि वजेट लगायत अन्य प्राविधिक तथा जनश्रमदान र जनसहयोग व्यवस्था भई कार्यान्वयन भए अवका २० वर्षमा स्वच्छ खानेपानी सम्पुर्ण नेपाली जनतामा पुग्ला भनी अपेक्षा गर्न सकिन्छ । यस आयोजनाको सम्वन्धमा निम्न अनुसार निष्कर्ष राखेका छौ ।

१. १७ वर्षमा आयोजना सम्पन्न भएको हुदा यसले आयोजना सम्पन्न नहुदै पुनः मर्मत गर्नु पर्ने अवस्था आउने,
२. वजेट व्यवस्थापन कनिका छरे जस्तो नगरी अलिक वढि मात्रामा गरि भदौ को पहिलो हप्ता वाटै आयोजनाको भौतिक प्रगती प्राप्ती हुनु पर्ने,
३. उपभोक्ता समितिलाई जागरुप गराई अपनत्व स्वीकारी कार्य गर्ने वातावरण वनाउन अन्य सफल आयोजनाको सकारात्मक कार्यान्वयन लाई स्थलगत भ्रमणवाट अनुभुत गराउनु पर्ने,
४. राज्यले उपभोक्ता समिति संग साझेदारी रहने गरी कम्तीमा हस्तान्तरण पश्चातको २ वर्षे मर्मत कोष सम्वन्धी नीति वनाई आयोजना उचित कार्यान्वयन गर्न वातावरण सृजना गर्नु पर्ने ।

**<u>अनुगमन टोली</u>**
**माननिय सदस्य : डा.कृपा सिन्धु प्रसाद**
**योजना अधिकृत : नइन्द्र प्रसाद दाहाल**

नेपाल सरकार
राष्ट्रिय योजना आयोगको सचिवालय
जिल्लागत आयोजना अनुगमन विवरण

आयोजनाको नाम : वातावरण मैत्री स्थानिय सासन कार्यक्रम जिल्ला : रौतहट
आयोजना प्रमुखको नाम : सन्तोष कुमार मिश्र आयोजनामा रहेको अवधि : २०७३।०६।२१

**१.पृष्ठभुमि** :

१. आयोजना कार्यान्वयन स्थल :- गौर नगरपालीकाको वरहवा खोलादेखि सिर्सिया सम्म वडा नं. १३ को १ कि.मि.लम्वाईमा रहेको सडकमा दाया वाया स्थलभित्र वृक्षारोपण

२. कार्यक्रम सुरु र समाप्ती :- २०७२।१०।२५ देखि कार्यादेश पाएको ०७३।०३।१० मा सम्पन्न गर्ने

३. आयोजनामा सहभागीता :- स्थानीय विकास केन्द्रवाट रु ४ लाख र गौर न.पा.को रु.१० लाख

४. कामको विवरण :-

१. २९० थान अशोक, ग्लोमर आदि जातका विरुवा रोप्ने
२. विरुवा संरक्षणलाई २९० थान गोलो फलामे जाली लगाउने

५. उदेश्य :-

१. वातावरणमा स्वच्छता प्रदान गरी नगरमा हरियाली प्रवर्द्धन गर्ने
२. सानातीना खोला खोल्सी थुन्ने र कटान सुरक्षण गर्ने
३. सडक क्षेत्र अतिक्रमण रोक्न सहयोग पुराउने

२) **आयोजनाको समग्र चिनारी :**

(अ) **श्रोत व्यवस्थापन**

(क) व.उ.शि.नं. : ३६५८४६

(ख) खर्चको श्रोत : (१) नेपाल सरकार : ×  (२) वैदेशिक : वैदेशिक

(ग) गत आ.व.को भौतिक प्रगति प्रतिशत : १०० %

(घ) गत आ.व.सम्मको भौतिक प्रगति प्रतिशत : १०० %

(ङ) गत आ.व. को वित्तिय प्रगति प्रतिशत : १०० %

(च) गत आ.व. सम्मको वित्तिय प्रगति प्रतिशत : १०० %

(छ) आयोजनको आ.व.०७३।७४ को कार्यक्रम र वजेट सम्वन्धि विवरण

(१) चालु आ.व.को अख्तियारी र स्वीकृतीको चौमासिक विभाजन प्राप्त मिति : ०७३।०५।१६

(२) चालु आ.व.को वजेट निकासाको लागी माग गरेको मिति : ०७३।०७।२९

(३) चालु आ.व.को वजेट निकासा भएको मिति : ०७३।०७।२९

(४) वजेट निकासा हुन नसकेको भए सोको कारण :

(ज) आयोजनाको चालु आ.व.को वजेट विवरण (रु.लाखमा)

| चालु आ.व.को विनियोजित वजेट | हाल सम्मको निकासा | हाल सम्मको खर्च | कैफियत |
|---|---|---|---|
| ७५,४०,०००।- | ४,९५,३०४।- | ४,९५,३०४।- | रु.१० लाखको प्रस्तुत आयोजना सम्पन्न |

(झ) व्यवस्थापकिय पक्ष :

(१) भौतिक :

| भौतिक साधन | संख्या | सवारी साधन | संख्या | खुद प्रयोग सवारी संख्या | थप कुनै साधन आवश्यकता भए साधनको नाम | संख्या |
|---|---|---|---|---|---|---|
| | | जीप | १ | १ | | |
| | | मोटरसाइकल | २ | २ | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(२) जनशक्ति :

| दरवन्दीको पद | पदपूर्ति संख्या | रिक्त संख्या | रिक्त रहेको अवधि र कारण | दरवन्दी प्रयाप्त/अप्रयाप्त |
|---|---|---|---|---|
| कार्यकारी अधिकृत | १ | | | |
| इन्जिनियर | १ | | | |
| लेखापाल | १ | | | |
| वातावरण अधिकृत | १ | | | |
| सुपरभाइजर | १ | | | |
| ना.सु | १ | | | |

(आ) **अपेक्षित उपलव्धीहरु :**

| क्र.स | प्रमुख कृयाकलापहरु | अपेक्षित प्रतिफलहरु | वार्षिक लक्ष्यको तुलनामा प्रथम चौमासिकको भौतिक प्रगति प्रतिशत | आयोजनको हालसम्मको प्रतिफल र उपलब्धिहरु |
|---|---|---|---|---|
| १ | २९० थान विरुवा वृक्षारोपण | हरियाली सडक, वातावरण संरक्षण, सडक अतिक्रमणको वचावट, खोल्सी खाल्डा पुरी सडक संरक्षण | सत प्रतिशत | कार्य सम्पन्न भएको |
| २ | २९० थान फलामे गोलो जाली जडान | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

(३) **आयोजना कार्यान्वयनमा देखापरेका प्रमुख समस्याहरु र समाधानका उपायहरु (महत्वको क्रम अनुसार)**

| क्र.स | समस्या विवरण | समाधानकालागी गरिएका प्रयासहरु | समाधानका उपायहरु |
|---|---|---|---|
| १. | कतिपय स्थानमा जमिनको उचाई विना नै विरुवा रोपीएको | प्रयास नभएको | उचाई वनाई पुनः वृक्षारोपण गर्ने |
| २. | मरेका विरुवाहरु पुनः स्थापना | प्रयास नभएको | पुनः वृक्षारोपण गर्ने |
| ३. | केही स्थानमा विरुवा संरक्षण जाली भत्कीइ ढलेको | प्रयास नभएको | पुन : गोलो जाली जडान गर्ने |
| | | | |
| | | | |
| | | | |
| | | | |

*(४)* **यस आ.व.मा यस अधि भएको निरिक्षण विवरण**

| क्र.स | निरिक्षण गर्ने पदाधिकारीको नाम,थर, पद र कार्यालय | निरिक्षण गरेको मिति |
|---|---|---|
| | | |
| | | |

## (५) स्थलगत निरिक्षणवाट देखिएका आयोजनाका उल्लेखनिय पक्षहरु :

(क) उल्लेखनिय क्रियाकलाप :

१. १ कि.मि. लम्वाई सडकमा २९० थान विरुवा वृक्षारोपण

२. १ कि.मि लम्वाई सडकमा विरुवा संरक्षण गोलो फलामे जाली २९० थान जडान

(ख) उल्लेखनिय प्रतिफल :

१. सडक हरियाली

२. वातावरण संरक्षण

३. सडक अतिक्रमणमा न्युनिकरण

४. साझेदारी प्रयास

(ग) सवल पक्ष :

१. गै.स.स को सहभागिता

(घ) दुर्वल पक्ष :

१. जमिन नअग्लाई विरुवा रोपेकाले विरुवा मरेका

२. आवश्यक संरक्षण योजना नभएकाले विरुवा र केही जाली उखल्लीएको अवस्था रहेको

३. आवश्यक प्रतिस्थापन योजना नदेखिएको

(६) **विभिन्न सरोकारवालाहरुको धारणा**

(क) लाभग्राहीको धारणा :

१. विरुवा संरक्षण गरी हुर्काउन र आवश्यकता अनुसार संरक्षण जाली लगाउने साथै विरुवा प्रतिस्थापनलाई उचित दुर दृष्टि न.पा. वाट नभएको

(ख) उपभोक्ता समितिको धारणा :

(ग) लाभग्राही वाहेक अन्यको धारणा :

आवश्यक दुरदृष्टि सहित सहभागितामुलक रुपमा थप कार्यक्षेत्र विस्तार हुन जरुरी

(७) ***आयोजनाको सम्वन्धमा आयोजना प्रमुखको भनाई सुझावहरु*** :

(अनुमान, जोखिम, ठेक्का लागे / नलागेको, आयोजनाको सुरु लागत संसोधन भएको भए सो लागत रकम, लक्ष्य प्रगतिको तुलना र अन्तर विश्लेषण, मुआव्जा सम्वन्धि स्थिति सहित वर्तमान स्थिति)

(८) <u>आयोजना स्थलमा लिएको फोटो,नक्सा आदि</u>

(९) <u>निष्कर्ष</u> :

वातावरण मैत्री स्थानिय सासन कार्यक्रम वैदेशिक सहयोग अर्न्तगत संचालन रहेको र यसलाई गै.स.स. को सहभागितामा कार्यान्वयन भै रहेको देखिन्छ । सवल पक्षमा सडक अतिक्रमणमा न्युनिकरण, वातावरण संरक्षण भै हरियाली प्रवर्द्धन र साझेदारी प्रयास देखिएता पनि दुर्वल पक्षको रुपमा औपचारिकताका लागि मात्र साझेदारी प्रयास गरिएकोले गै.स.स.ले उचित संरक्षण र संवर्द्धनमा सहभागिता राखेको छैन भनी औल्याउने ठाँउ पाइएको छ । त्यसैगरी आयोजना संचालन गर्ने गौर नगरपालीका का कार्यकारी अधिकृत (आयोजना प्रमुख) लाई स्थ लगत रुपमा अनुगमनको क्रममा आयोजनाका सम्वन्धमा आवश्यक विवरण र जानकारी माग गर्दा आयोजना प्रमुख को हुन र आयोजनाको विवरण के के हुन भन्ने सम्वन्धमा अति सामान्य जानकारी समेत नलिई रहदा आयोजना यथार्थतामा आयोजना संचालन गर्ने निकायले औपचारीकता मात्र दिदै त छैन भन्ने अवस्था देखिएकाले यसमा समग्र वदलावको जरुरी रहेको निष्कर्ष राखेका छौ ।

**<u>अनुगमन टोली</u>**
**माननिय सदस्य : डा.कृपा सिन्धु प्रसाद**
**योजना अधिकृत : नइन्द्र प्रसाद दाहाल**

नेपाल सरकार
राष्ट्रिय योजना आयोगको सचिवालय
जिल्लागत आयोजना अनुगमन विवरण

आयोजनाको नाम : चन्द्रपुर न.पा. रिङ्गरोड आयोजना जिल्ला : रौतहट
आयोजना प्रमुखको नाम : अरविन्द कुमार गुप्ता आयोजनामा रहेको अवधि : २०७१।१२।०८

**१.पृष्ठभुमि** :

कार्यक्रम शुरु :- आ.व. ०७१।०७२

आयोजना संचालन गर्ने कार्यालय :- डिभिजन सडक कार्यालय चन्द्रनिगाहापुर

कार्यक्रम :- निर्वाचन क्षेत्र विकास कार्यक्रम व.उ.शि.नं. ३३७३५९ मा निर्वाचन क्षेत्र ६ को जनताको माग र आवश्यकता अनुसार निर्धारण भएको

कार्यक्षेत्र :- १८ कि.मि. को दुरी लीएर घुमेको चक्रपथमा हाललाई ५ कि.मि. लम्वाई सडकमा ओटासिलको कालोपत्रे समेत कार्य

सर्वे :- यसको आवश्यक गुरुयोजना तयार गरिएको छैन साविक सडकलाई स्तरोन्नती र निर्माणगरि यस क्षेत्रका जनतालाई आगमनमा सहजता कृषि साधनको खरिद विक्रि, अन्य व्यापार व्यवसाय जस्ता जनताको मागलाई सम्वोधन हुने

प्रभाव क्षेत्र :- चन्द्रपुर न.पा.को अतिरिक्त रिङरोडले छोएका डुमरिया,रंगपुर, सिमरा भवानीपुर, भसेदवा, गैडाटार, जुटवेला र मकवानपुरको धीयाल गा.वि.स.का करिव ५० हजार जनता लाभान्वीत हुने

समस्या :- १. गुरुयोजना नभएको
२. वन क्षेत्रमा पर्ने ३०० मि. लम्वाई को वन क्षेत्रमा सडक निर्माण लाई वन मन्त्रालयको स्वीकृती लिन ढिलाई भएको

## २) आयोजनाको समग्र चिनारी :

**(अ) श्रोत व्यवस्थापन**

(क) व.उ.शि.नं. : ३३७३५९-४

(ख) खर्चको श्रोत : (१) नेपाल सरकार : नेपाल सरकार (२) वैदेशिक : ×

(ग) गत आ.व.को भौतिक प्रगति प्रतिशत : ३०%

(घ) गत आ.व.सम्मको भौतिक प्रगति प्रतिशत : ३०%

(ङ) गत आ.व. को वित्तिय प्रगति प्रतिशत : ८३% रु.२,९२,५४,८९७- मा रु.२,४४,६७,०८३ खर्च भएको

(च) गत आ.व. सम्मको वित्तिय प्रगति प्रतिशत : २५%

(छ) आयोजनको आ.व.०७३।७४ को कार्यक्रम र वजेट सम्वन्धि विवरण

(१) चालु आ.व.को अख्तियारी र स्वीकृतीको चौमासिक विभाजन प्राप्त मिति : ०७३।०५।२१

(२) चालु आ.व.को वजेट निकासाको लागी माग गरेको मिति :

(३) चालु आ.व.को वजेट निकासा भएको मिति :

(४) वजेट निकासा हुन नसकेको भए सोको कारण : रनिङ विल प्राप्त नभएकोले माग नगरिएको

(ज) आयोजनाको चालु आ.व.को वजेट विवरण (रु.लाखमा)

| चालु आ.व.को विनियोजित वजेट | हाल सम्मको निकासा | हाल सम्मको खर्च | कैफियत |
|---|---|---|---|
| १,०७,००,०००।- | | | |

(झ) व्यवस्थापकिय पक्ष :

(१) भौतिक :

| भौतिक साधन | संख्या | सवारी साधन | संख्या | खुद प्रयोग सवारी संख्या | थप कुनै साधन आवश्यकता भए साधनको नाम | संख्या |
|---|---|---|---|---|---|---|
| स्काभेटर | १ | जीप | १ | १ | | |
| लोडर | १ | मोटरसाइकल | २ | २ | | |
| ग्रेडर | १ | | | | | |
| रोलर | १ | | | | | |
| ट्रीपर | २ | | | | | |
| टयाक्टर | १ | | | | | |
| मिक्सर मेसिन | १ | | | | | |

(२) जनशक्ति :

| दरवन्दीको पद | पदपूर्ति संख्या | रिक्त संख्या | रिक्त रहेको अवधि र कारण | दरवन्दी प्रयाप्त⁄अप्रयाप्त |
|---|---|---|---|---|
| आयोजना प्रमुख | १ | - | | |
| इञ्जिनियर | ४ | १ | | |
| सव-इञ्जिनियर | ७ | ३ | | |
| ले.अ / ले.पा | २ | - | | |
| प्रशासन | २ | - | | |
| | | | | |

(आ) अपेक्षित उपलव्धीहरु :

| क्र.स | प्रमुख कृयाकलापहरु | अपेक्षित प्रतिफलहरु | वार्षिक लक्ष्यको तुलनामा प्रथम चौमासिकको भौतिक प्रगति प्रतिशत | आयोजनको हालसम्मको प्रतिफल र उपलब्धिहरु |
|---|---|---|---|---|
| १ | माटो फिलिङ | १८ कि.मि.मा ५ कि.मि.सडक मध्ये २०० मि.ओटासिल कालोपत्रे भएको अन्य कार्यहरुमा ५०% काम सम्पादन भएकाले आवत जावतमा स्थानीय वासिन्दालाई सहजता वढेको | | रौतहट सदरमुकामलाई वाईपास सडक संजाल वनेको, स्थानीय वासिन्दालाई आवागमन व्यपार व्यवसाय वृद्धी र रोजगारी सिर्जना भएको |
| २ | सव वेस ग्राभलिङ | | | |
| ३ | वेस कोर्स | | | |
| ४ | ड्रेन | | | |
| ५ | कलभर्ट | | | |
| ६ | ओटासिलमा कालोपत्रे | | | |
| | | | | |

(३) आयोजना कार्यान्वयनमा देखापरेका प्रमुख समस्याहरु र समाधानका उपायहरु (महत्वको क्रम अनुसार)

| क्र.स | समस्या विवरण | समाधानकालागी गरिएका प्रयासहरु | समाधानका उपायहरु |
|---|---|---|---|
| १ | वन क्षेत्रमा पर्ने सडक खुलाउनु पर्ने | जिल्ला वन कार्यालय लाई पत्राचार | वन मन्त्रालयवाट तत्काल स्विकृति लिनुपर्ने |
| २ | सडक क्षेत्रमा रहेको विद्युत पोल हटाउनु पर्ने | पोल स्थानान्तरणको लागि विद्युत प्राधिकरणलाई पत्राचार | पुनः समन्वय र पत्राचार गर्नु पर्ने |
| ३ | खानेपानीको नाली व्यवस्थापन | खानेपानी उपभोक्ता समितिलाई पत्राचार गरिएको | आवश्यक समन्वय गर्ने |
| | | | |
| | | | |
| | | | |
| | | | |

(४) यस आ.व.मा यस अघि भएको निरिक्षण विवरण

| क्र.स | निरिक्षण गर्ने पदाधिकारीको नाम,थर, पद र कार्यालय | निरिक्षण गरेको मिति |
|---|---|---|
| | | |
| | | |

## (५) स्थलगत निरिक्षणवाट देखिएका आयोजनाका उल्लेखनिय पक्षहरु :

(क) उल्लेखनिय क्रियाकलाप :

१. माटो फिलिङ
२. सव वेस ग्राभलिङ
३. वेस कोर्स
४. ड्रेन
५. कलभर्ट
६. ओटासिलमा कालोपत्रे

(ख) उल्लेखनिय प्रतिफल :

अन्य कार्यहरु ५०% सम्पन्न भई ओटासिलमा कालोपत्रे २०० मिटर सम्पन्न भएको यसको पुर्ण कार्यान्वयन पश्चात स्थानिय करिव ५० हजार वासिन्दालाई आगमन लगायत पेशा व्यवसाय र रोजगारीमा वृद्धि गर्ने

(ग) सवल पक्ष :

रौतहट जिल्लाको मुख्य पहिचान युक्त वाईपास सडक संजाल हुने

(घ) दुर्वल पक्ष :

१. आवश्यक प्राविधिक मुल्याकंन सहित गुरुयोजना नवनी आयोजना संचालन भएको
२. हालसम्मको प्रगती २०० मि. को ओटासिल कालोपत्रे भई प्रगती सामान्य रहेको
३. वन क्षेत्रमा पर्ने ३०० मि. लम्वाई सडक निर्माणलाई वनको स्विकृती लिन ढिलो

(६) **विभिन्न सरोकारवालाहरुको धारणा**

(क) लाभग्राहीको धारणा :

वनक्षेत्रको ३०० मिटर सडक वनाउन स्विकृतिलाई ढिलो गर्न नहुने, १८ कि.मि.को चक्रपथ यथासक्दो चाडो वन्नु पर्ने ।

(ख) उपभोक्ता समितिको धारणा :

(ग) लाभग्राही वाहेक अन्यको धारणा :

वनक्षेत्रको सडक वाहिर वाकि रहने वनको जमिन सुरक्षा सम्वन्धि आवश्यक नीति सहित कार्यान्वयनको जरुरी

(७) ***आयोजनाको सम्वन्धमा आयोजना प्रमुखको भनाई सुझावहरु*** :

(अनुमान, जोखिम, ठेक्का लागे / नलागेको, आयोजनाको सुरु लागत संसोधन भएको भए सो लागत रकम, लक्ष्य प्रगतिको तुलना र अन्तर विश्लेषण, मुआव्जा सम्वन्धि स्थिति सहित वर्तमान स्थिति)

१. ३०० मिटर वन क्षेत्रको सडक मा रुख हटाउन वन संग पहल भै रहेको स्विकृती प्राप्त हुन ढिलाई भएकोले आयोजनालाई सहज कार्यान्वयन गर्न गराउन कठिन भएको

(८) <u>आयोजना स्थलमा लिएको फोटो,नक्सा आदि</u>

(९) <u>निष्कर्ष</u> :

उपरोक्त व्यहोरालाई अध्ययन गर्दा आयोजना संचालन गर्नु पुर्व आवश्यक प्राविधिक मुल्याकंन र अनुसन्धान वेगर गुरुयोजना नवनी आयोजना संचालन गर्दा आयोजना कार्यान्वयनमा विविध कठिनाई सिर्जने स्वभाविक नै देखिन्छ । ५ कि.मि. मात्रमा ओटासिल कालोपत्रे गर्दा वाकी १३ कि.मि.सम्पन्न नभएसम्म आयोजना वाट १० प्रतिशत भन्दा वढी प्रतिफल प्राप्त हुन नसक्ने देखिएकोले वनको समस्या समाधान गर्दे वाकी १३ कि.मि.सहित ओटासिल कालोपत्रे आगामी २ वर्षमा सम्पन्न हुने गरी वजेट लगायत अन्य आवश्यक कार्य सम्पादन भएमा मात्र लक्ष्यको सफलता चुम्न सम्भव छ । आइन्दा हरेक आयोजनाहरुलाई त्यसको पुर्ण जोखिम र समाधान सहित समयमै सहजै आयोजना सफल वनाउने गुरुयोजना वनायर मात्र आयोजना कार्यन्वयन गर्न गराउन सम्वन्धित मन्त्रालयहरुलाई राय सुझाव दिनु उपयुक्त ठहराउछौ ।

**<u>अनुगमन टोली</u>**
**मानानिय सदस्य : डा.कृपा सिन्धु प्रसाद**
**योजना अधिकृत : नइन्द्र प्रसाद दाहाल**

नेपाल सरकार
राष्ट्रिय योजना आयोगको सचिवालय
जिल्लागत आयोजना अनुगमन विवरण

आयोजनाको नाम : बागमती सिंचाई आयोजना पश्चिमी नहर , रौतहट जिल्ला : सर्लाही
आयोजना प्रमुखको नाम : लक्ष्मण प्रसाद सिंह आयोजनामा रहेको अवधि : २०७३।०५।२१

**१.<u>पृष्ठभुमि</u> :**

क) परिचय :

- राष्ट्रिय प्राथमिकता प्राप्त वृहत सिंचाइ आयोजना - श्रोत नदी वागमती
- मध्य तराईका सर्लाही, रौतहट, वारा, महोत्तरी र धनुषा जिल्लाको करिव १,२२,०००।- हेक्टर खेतीयोग्य जमिनमा सिंचाइ सुविधा पुराउने लक्ष्य राखि आवश्यक पुर्वाधार विकास गर्ने
- दिर्घकालीन लक्ष्यमा वागमती नदीमा उच्च वाध वनाई वर्षैभरी यी जिल्लाहरुमा सिंचाइ सुविधा दिई १४० मेघावाट विद्युत उत्पादन गर्ने

ख) सुरुवात :

- सुनकोशी नदी आयोजनाको रुपमा प्रारम्भ भएको
- १९६७ देखि १९७२ A.D. मा UNDP / FAO ले गुरुयोजना अध्ययन गरेको
- आ.व. ०३५।३६ देखि आ.व. ०४३।४४ सम्म नेपाल सरकारको श्रोतवाट संचालन रहेको
- त्यस पश्चात साउदी विकास कोषले वैदेशिक ऋण सहयोग ३० मिलियन रियाल दिएको यो रकम पश्चिमी मुल नहर निर्माण भलोहिया शाखा नहर र अन्य प्रशाखा नहर निर्माण गर्न साथै केही उपकरण खरिदमा खर्च भएको
- व्यारेज निर्माण २०५० सालमा सम्पन्न भई पुर्वि नहर सिंचाइ प्रणाली र पश्चिमि नहर सिंचाइ प्रणालीवाट सिंचाइ सुरु भएको
- साउदी विकास कोष संग दोस्रो र तेस्रो संम्झौतावाट २००.८५ मिलियन ऋण सहयोग लिएको
- हाल साउदी विकास कोष संग भएको चौथो ऋण संम्झौताको सहयोगवाट कार्य संचालन भै रहेको छ ।

ग) सिंचाइ प्रणाली

- पुर्वी नहर सिंचाइ प्रणाली (सर्लाही) वाट सर्लाही, महोत्तरी र धनुषा जिल्लामा सिंचाइ हुने
- पश्चिमी नहर सिंचाइ प्रणाली (रौतहट) वाट रौतहट र वारा जिल्लामा सिंचाइ हुने

घ) उदेश्य :

- आयोजनाको क्षेत्र भित्र व्यवस्थित सिंचाइ सुवीधा उपलव्ध गराइ कृषि उत्पादन वृद्धि गर्ने
- स्थानिय तहमा रोजगारीको अवसर प्रदान गर्ने
- कमाण्ड क्षेत्रका कृषकहरुलाइ संगठित रुपमा एकतावद्ध गरी निर्माण, संचालन र मर्मत संभारमा जनसहभागिता वृद्धि र परिचालन गर्ने
- आर्थिक तथा सामाजीक रुपमा कमाण्ड क्षेत्रका वासिन्दाहरुको जीवनस्तर विकास गर्ने
- गतिशिल सिंचाइमा कृषि क्षेत्र नियमित परिचालन गर्ने
- दिर्घकालीन रुपमा १४० मेघावाट विद्युत उत्पादन गर्ने

ङ) प्रगती : हालसम्म २ वटा नहर प्रणालीले ४५,६०० हेक्टर जमिनमा सिंचाइ दिएको देखिन्छ

## २) आयोजनाको समग्र चिनारी :

**(अ) श्रोत व्यवस्थापन (२ वटै नहर प्रणालिको )**

(क) व.उ.शि.नं. : ३५७१२०३-४

(ख) खर्चको श्रोत : चालु आ.व.(१) नेपाल सरकार : २४,०८,७२,०००।-(२) वैदेशिक :२९,१६,९७,०००।-

(ग) गत आ.व.को भौतिक प्रगति प्रतिशत : ९३ %

(घ) गत आ.व.सम्मको भौतिक प्रगति प्रतिशत : ५२.५%

(ङ) गत आ.व. को वित्तिय प्रगति प्रतिशत : ९६%

(च) गत आ.व. सम्मको वित्तिय प्रगति प्रतिशत : ५०%

(छ) आयोजनको आ.व.०७३।७४ को कार्यक्रम र वजेट सम्वन्धि विवरण

(१) चालु आ.व.को अख्तियारी र स्वीकृतीको चौमासिक विभाजन प्राप्त मिति : ०७३।०४।३२

(२) चालु आ.व.को वजेट निकासाको लागी माग गरेको मिति : ०७३।०५।०२

(३) चालु आ.व.को वजेट निकासा भएको मिति :०७३।०५।०२

(४) वजेट निकासा हुन नसकेको भए सोको कारण : -

(ज) आयोजनाको चालु आ.व.को वजेट विवरण (रु.लाखमा)

| चालु आ.व.को विनियोजित वजेट | हाल सम्मको निकासा | हाल सम्मको खर्च | कैफियत |
|---|---|---|---|
| ५३,२५,६९,०००।- | ९,३८,५३,०००।- | ९,३८,५३,०००।- | |

(झ) व्यवस्थापकिय पक्ष :

(१) भौतिक :

| भौतिक साधन | संख्या | सवारी साधन | संख्या | खुद प्रयोग सवारी संख्या | थप कुनै साधन आवश्यकता भए साधनको नाम | संख्या |
|---|---|---|---|---|---|---|
| हेभी एक्साभेटर | ४ | पिकअप | १ | १ | | |
| जेनेरेटर | २ | मोटरसाइकल | ७ | ७ | | |
| | | अन्य गाडी | ५ | २ | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(२) जनशक्ति :

| दरवन्दीको पद | पदपूर्ति संख्या | रिक्त संख्या | रिक्त रहेको अवधि र कारण | दरवन्दी प्रयाप्त/अप्रयाप्त |
|---|---|---|---|---|
| रा.प. प्रथम | × | १ | | |
| रा.प. द्धितीय | ३ | १ | | |
| रा.प. तृतिय | ७ | ५ | | |
| रा.प. अ.नं. प्रथम | ११ | ३ | | |
| रा.प. द्धितीय | ७ | २ | | |
| | | | | |

(आ) **अपेक्षित उपलव्धीहरु :**

पश्चिमी नहर प्रणाली रौतहट तर्फ हालको आयोजनाको कार्य मात्र

| क्र.स | प्रमुख कृयाकलापहरु | अपेक्षित प्रतिफलहरु | वार्षिक लक्ष्यको तुलनामा प्रथम चौमासिकको भौतिक प्रगति प्रतिशत | आयोजनको हालसम्मको प्रतिफल र उपलब्धिहरु |
|---|---|---|---|---|
| १ | सिल्क इजेक्टर निर्माण | मुल नहरमा वालुवा जम्ने कार्य नियन्त्रण भई पानीको उचित सतह निर्माण | | ३५% |
| २ | कमाण्ड क्षेत्र वचाउ कार्य | चादनी नदी प्रभाव क्षेत्र संरक्षण | | १५% |
| ३ | नहर संचालन मर्मत/ संम्भार | सिंचाइ सेवा नियमित र गुणस्तरीय हुने | | ६०% |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

(३) **आयोजना कार्यान्वयनमा देखापरेका प्रमुख समस्याहरु र समाधानका उपायहरु (महत्वको क्रम अनुसार)**

| क्र.स | समस्या विवरण | समाधानकालागी गरिएका प्रयासहरु | समाधानका उपायहरु |
|---|---|---|---|
| १ | सिल्क इजेक्टर निर्माण वन क्षेत्रमा परेकाले रुख कटानका लागि वन मन्त्रालयको स्वीकृति लिन ढिलाइ | मन्त्रिपरिषदवाट निर्णय भइ समाधान भएको | |
| २ | मर्मत संभारमा वजेटको न्युनता | प्राथमीकरण गरी समाधान | मर्मत संभारमा मात्रै २ नहर प्रणालीलाई १०/ १० करोड वार्षिक वजेटको आवश्यकता |
| | | | |
| | | | |
| | | | |

*(४)* **यस आ.व.मा यस अघि भएको निरिक्षण विवरण**

| क्र.स | निरिक्षण गर्ने पदाधिकारीको नाम,थर, पद र कार्यालय | निरिक्षण गरेको मिति |
|---|---|---|
| | | |
| | | |

## (५) स्थलगत निरिक्षणवाट देखिएका आयोजनाका उल्लेखनिय पक्षहरु :

(क) उल्लेखनिय क्रियाकलाप :

१. सिल्क इजेक्टर निर्माण हुने पश्चिमी नहर प्रणालीको मुल व्यवस्थापनमा
२. मर्मत संभार हुने

(ख) उल्लेखनिय प्रतिफल :

१. वालुवा नहरमा जम्न नपाउने हुदा पानीको वहाव गतिशिल भइ निरन्तर तिव्र गतिमा संचाइ व्यवस्थापन भइ वैज्ञानिक र व्यवस्थीत वन्ने
२. मर्मत संभारले गर्दा शाखा प्रशाखा व्यवस्थीत भई सिंचाइ प्रणालीमा सुधार हुने

(ग) सवल पक्ष :

१. सिंचाइ आयोजनाको नया प्रयोगको रुपमा सिल्क इजेक्टर वनेको

(घ) दुर्वल पक्ष :

१. पुर्वी नहर प्रणालीमा समेत सिल्क इजेक्टर निर्माण गर्ने आयोजना तय नभएको

(६) **<u>विभिन्न सरोकारवालाहरुको धारणा</u>**

(क) लाभग्राहीको धारणा :

(ख) उपभोक्ता समितिको धारणा :

(ग) लाभग्राही वाहेक अन्यको धारणा :

१. पश्चिमी नहर प्रणालीजस्तै पुर्वी नहर प्रणालीमा समेत सिल्क इजेक्टर वन्नु पर्ने
२. राज्यको अन्य नहर प्रणालीमा सिल्क इजेक्टर व्यवस्थापन हुनुपर्ने

(७) ***आयोजनाको सम्वन्धमा आयोजना प्रमुखको भनाई सुझावहरु*** :

(अनुमान, जोखिम, ठेक्का लागे / नलागेको, आयोजनाको सुरु लागत संसोधन भएको भए सो लागत रकम, लक्ष्य  प्रगतिको तुलना र अन्तर विश्लेषण, मुआब्जा सम्वन्धि स्थिति सहित वर्तमान स्थिति)

१. वन क्षेत्रको स्वीकृती लीने दिने कार्यमा ढिलाइ हुनु नहुने अवस्था जरुरी
२. पुर्वी नहर सिंचाइ प्रणालीमा समेत सिल्क इजेक्टर निर्माणलाई वजेट व्यवस्थापनको आवश्यकता
३. नहर मर्मत संभारका लागि आवश्यक छुट्टै नीति वनाइ जनसहभागीता समेत रहने गरी मर्मत संभार वजेटमा वृद्धि गरिनु पर्ने ।

(८) <u>आयोजना स्थलमा लिएको फोटो,नक्सा आदि</u>









(९) **निष्कर्ष** :

आ.व. ०३५।३६ देखि सुनकोसी नदी आयोजनाको रुपमा उदाएको वाग्मती सिंचाइ आयोजनामा आ.व.०४४।४५ देखि साउदी विकास कोषले आफ्नो सहभागिता जनाइ हाल चौथो ऋण सम्झौता ४/ ५६५ अर्न्तगत पश्चिमी मुल नहरमा सिल्क इजेक्टरको निर्माणकार्य भै रहेको देखिन्छ । आ.व. ०७२।७३ को वित्तिय प्रगती ९६.१०% र भौतीक प्रगती ९३% लाई सन्तोषजनक नै मान्नु पर्छ । तर आयोजना निर्माणका क्रममा आवश्यकता अनुसार वनको स्वीकृती लिनु पर्ने कार्य भै रहने देखिदा यस्तो स्वीकृती लिन र दिन ढिलो गर्नु उचित नहुने हुन्छ । नहर रेखदेख र मर्मत संभारमा जनसहभागीता सहीतको लगानीमा काम हुने गरी आवश्यक नीति तथा योजना वनी कार्य संचालन गर्नु उचित देखिन्छ । आगामी आ.व.मा वागमती सिंचाइ आयोजनाको सम्पुर्ण कमाण्ड क्षेत्र १,२२,००० हेक्टरको पुनः डिजाइन गर्ने कार्य र चादनी नदीवाट BHSL -1,2,3 को कमाण्ड यरिया वचाउ कार्य गर्ने योजना देखिएको छ । तसर्थ यसमा तत्काल हुदै गरिएको कार्य सम्पन्न गर्न वढिमा वैशाख सम्ममा जरुरी देखिन्छ अन्यथा पश्चिमी नहर प्रणाली अर्न्तगत रौतहट जिल्लाको सिंचाइ प्रणाली प्रभावित हुन जानेछ । अन्तमा यस सिंचाइ आयोजनको पुर्वी नहर सिंचाइ प्रणालीको नहरको मुहानमा समेत पश्चिमी सिंचाइ प्रणालीमा वन्दै गरेको सिल्क इजेक्टर यथाशिघ्र वनाउनको साथै दिर्घकालीन लक्ष्यका रुपमा राखिएको १४० मेघावाट विद्युत उत्पादन गर्ने कार्यको थालनी समेत गर्ने तर्फ सचेत र क्रियाशिल हुन आजको आवश्यकता देख्दछौ ।

**अनुगमन टोली**
**माननिय सदस्य : डा.कृपा सिन्धु प्रसाद**
**योजना अधिकृत : नइन्द्र प्रसाद दाहाल**

नेपाल सरकार
राष्ट्रिय योजना आयोगको सचिवालय
जिल्लागत आयोजना अनुगमन विवरण

आयोजनाको नाम : खोकना सिंचाई आयोजना जिल्ला : सर्लाही
आयोजना प्रमुखको नाम : मनोरंजन कुमार सिंह आयोजनामा रहेको अवधि :२०७२।०९।३०

**१.पृष्ठभुमि** :

(क) वजेट व्यवस्था:- सिंचाइ मन्त्रालय अर्न्तगत मझौला सिंचाई आयोजना, व.उ.शि.नं.३५७१२७(p1) कार्यक्रममा रहेको यस आ.व.को रकम रु.३ अरव १६ करोड अर्न्तगत कार्यक्रम संचालनमा रहेको ।

(ख) कार्यक्रम स्थल:- सर्लाही जिल्लाको भक्तिपुर गा.वि.स.मा आइडियल लेन्थ ५०० मिटर राखी १६७० मिटरको मुल नहरमा लम्वाई भएको जलाशय गृह सहित शाखा प्रसाखाहरु रहेको ।

(ग) प्रभावित क्षेत्र:- भक्तिपुर, इश्वरपुर, बवरगंज र चन्द्रनगर गा.वि.स मा ७.४ k.m को कच्चि शाखा नहरहरुवाट पानी दिइने गरी ५ वटा शाखा रहि २७० हेक्टर जमिन सिंचाइको अनुमान रहेको ।

(घ) मुल व्यवस्थापन:- सागरनाथ जंगलको १५०वर्ग कि.मि.मा Cath Ments Are रहने गरी यस्को तल्लो भागमा मुल नहररही ०.५ क्युवेक क्षमताले पानी प्रवाह हुने अनुमान गरिएको ।

(ङ) कुल लागत र ठेक्का:- जन सहभागिताको मुल्य रु. ११,९७,३४८ अनुमान निकालीएको मुल आयोजनालाई राम जानकी निर्माण सेवा, जनकपुर १० लाई मिति २०६८।१२।१० मा ठेक्का दिइ आयोजना सुरु भएको । कुल लागत आयोजना सम्पन्न गर्दा रु ४,६३,६४,९३०।- पुग्ने अनुमान भएको ।

(च) अन्य:- मुहानमा हेड रेगुलेटर र वेयर निर्माण गरिएको पक्कि नहरमा १ सेकेण्डमा १४५ लिटर पानी वग्ने अनुमान भएको । कम उचाइको जग वनेको, जलाशय पुग्ने गृह नवनेको ।

२) **आयोजनाको समग्र चिनारी :**

**(अ) श्रोत व्यवस्थापन**

(क) व.उ.शि.नं. : ३५७१२७-४

(ख) खर्चको श्रोत : (१) नेपाल सरकार : नेपाल सरकार (२) वैदेशिक : ×

(ग) गत आ.व.को भौतिक प्रगति प्रतिशत : बार्षिक लक्ष्यमा १५%

(घ) गत आ.व.सम्मको भौतिक प्रगति प्रतिशत : ७७.९%

(ङ) गत आ.व. को वित्तिय प्रगति प्रतिशत : २०%

(च) गत आ.व. सम्मको वित्तिय प्रगति प्रतिशत : ७५.६%

(छ) आयोजनको आ.व.०७३।७४ को कार्यक्रम र वजेट सम्वन्धि विवरण

(१) चालु आ.व.को अख्तियारी र स्वीकृतीको चौमासिक विभाजन प्राप्त मिति : २०७३।०५।०६

(२) चालु आ.व.को वजेट निकासाको लागी माग गरेको मिति : -

(३) चालु आ.व.को वजेट निकासा भएको मिति : -

(४) वजेट निकासा हुन नसकेको भए सोको कारण : कार्यक्रम दोश्रो र तेस्रो चौमासिक मा गर्ने

(ज) आयोजनाको चालु आ.व.को वजेट विवरण (रु.लाखमा)

| चालु आ.व.को विनियोजित वजेट | हाल सम्मको निकासा | हाल सम्मको खर्च | कैफियत |
|---|---|---|---|
| ७,००,०००।- | - | - | - |

(झ) व्यवस्थापकिय पक्ष :

(१) भौतिक :

| भौतिक साधन | संख्या | सवारी साधन | संख्या | खुद प्रयोग सवारी संख्या | थप कुनै साधन आवश्यकता भए साधनको नाम | संख्या |
|---|---|---|---|---|---|---|
| | | पिकअप | २ | २ | | |
| | | मोटरसाइकल | २ | २ | | |
| | | | | | | |
| | | | | | | |

(२) जनशक्ति :

| दरवन्दीको पद | पदपूर्ति संख्या | रिक्त संख्या | रिक्त रहेको अवधि र कारण | दरवन्दी प्रयाप्त/अप्रयाप्त |
|---|---|---|---|---|
| S.D.E | १ | - | | |
| इन्जीनीयर | ५ | - | | दरवन्दी भन्दा ३ वढी रहेको (फाजील) |
| सव-इन्जीनीयर | २ | २ | | लोकसेवा माग भएको |
| लेखा अधिकृत | १ | - | | |
| सह-लेखापाल | - | १ | | |
| नायव सुव्वा | २ | - | | |

## (आ) अपेक्षित उपलव्धीहरु :

| क.स | प्रमुख क्रियाकलापहरु | अपेक्षित प्रतिफलहरु | वार्षिक लक्ष्यको तुलनामा प्रथम चौमासिकको भौतिक प्रगति प्रतिशत | आयोजनको हालसम्मको प्रतिफल र उपलब्धिहरु |
|---|---|---|---|---|
| १ | १६७० मिटरको पक्की मुल नहर संचालन | पानी एकिकृत भएर वहने | | |
| २ | ७.४ कि.मि को पाच शाखा नहर संचालन | करिव २७० हेक्टर जमिन सिंचाइ हुने | | |
| ३ | सागरनाथ जंगलको १५० कि.मि Catch Ments Area को मुल व्यवस्थापन | श्रोत संरक्षण हुने | | |
| ४ | हेड रेगुलेटर र वेयर निर्माण | पानी संरक्षण र वितरण प्रवाहमा सहजीकरण हुने | | |
| ५ | ड्याम निर्माण | जलाशयलाइ पानी संचय हुने | | |

## (३) आयोजना कार्यान्वयनमा देखापरेका प्रमुख समस्याहरु र समाधानका उपायहरु (महत्वको क्रम अनुसार)

| क.स | समस्या विवरण | समाधानकालागी गरिएका प्रयासहरु | समाधानका उपायहरु |
|---|---|---|---|
| १ | नहरमा पानी को उचित सतह नवनेको | ड्याम वनाउनको लागी पुनः उचित प्राविधिक मुल्याङ्कन गर्नु पर्ने | समाधान नखोजीएको |
| २ | मूल व्यवस्थापनमा सागरनाथ वन क्षेत्रको १५०वर्ग कि.मी संरक्षण नभएको | मूलको ठाउँ ठाउँमा पोखरी वनाउने/ डोजर लगाई सरसफाई गराउने कार्य गर्नु पर्ने | समाधान नखोजीएको |
| ३ | जल उपभोक्ताको उचित सहभागिता नभएको | राज्यको भर पर्ने , जल उपभोक्ताको वानी परिवर्तन गर्नु पर्ने, आयोजना प्रमुख र आवश्यकता भन्दा बढी प्राविधिक भएर पनी प्राविधिक मुल्याङ्कन लगायतका कार्यहरु र प्रगती सन्तोषजनक नभएको | जलउपभोक्ताको उचित सहभागिता खोज्न कुनै उपाय नखोजीएको |

## *(४)* यस आ.व.मा यस अघि भएको निरिक्षण विवरण

| क.स | निरिक्षण गर्ने पदाधिकारीको नाम,थर, पद र कार्यालय | निरिक्षण गरेको मिति |
|---|---|---|
| १ | - | - |
| २ | - | - |

## (५) स्थलगत निरिक्षणवाट देखिएका आयोजनाका उल्लेखनिय पक्षहरु :

(क) उल्लेखनिय क्रियाकलाप :

१. पानीको संचयलाई ड्याम निर्माण भएको
२. ५ वटा कच्चि शाखा नहर भएको
३. १६७० मिटरको मुल नहर भएको
४. सागरनाथ जंगलको १५० वर्ग कि.मी. Catch Ments Area रहेको
५. हेड रेगुलेटर/वेयर निर्माण भएको

(ख) उल्लेखनिय प्रतिफल :

१. २७० हेक्टर जमिनमा पानी वितरण हुन सकेको
२. जलउपभोक्ताहरुको मुल व्यवस्थापनमा न्युन मात्रामा भए पनि सहयोग पुगेको

(ग) सवल पक्ष :

१. नहरवाट पानी वितरण भई कृषक लाभान्वीत
२. मुल नहर पक्की हुदा पानी सञ्चय र प्रवाह सहजीकरण
३. सानो अंशमा भए पनि जनसहभागिता जुटेको

(घ) दुर्वल पक्ष :

१. पानी संचय गर्ने पानी जमाउने स्थलमा उचित/पानी नजम्ने गरी ड्याम वनेको
२. ड्यामको उचाई वढाए पनि प्राविधिक रुपमा अझै उचित हुने नदेखिएको
३. लागत खर्च अनुमान ४ करोड ६४ लाख अनुसार कार्य प्रगती  सही ठहराउन कठिन
४. सागरनाथ जंगलको मुहान संरक्षणमा हेलचक्राई भएकाले  उचीत मुल नहुने देखिएको

(६) **<u>विभिन्न सरोकारवालाहरुको धारणा</u>**

(क) लाभग्राहीको धारणा :

(ख) उपभोक्ता समितिको धारणा :

१. पानी रिर्जववार क्षेत्र प्राविधिक रुपमा उपयुक्त नभएकाले पानीले नहरमा वहाव लीन सकेन,
२. जलासय भण्डार गृहमा पानीको सतहनै नहुने भण्डार गृहले अपेक्षित लाभ दिएन,
३. पानी रिजर्ववालको उचाई समेत न्युन रहेकोले पानी संचय नभएको,
४. पानी रिचार्ज क्षेत्र सागरनाथ जंगलमा मुल वढाउन डोजर लगाई सरसफाई गर्ने/ठाँउ ठाँउमा रिचार्जको लागि पोखरी वनाउने कार्य जरुरी रहेको ।

(ग) लाभग्राही वाहेक अन्यको धारणा :

(७) ***आयोजनाको सम्वन्धमा आयोजना प्रमुखको भनाई सुझावहरु*** :

(अनुमान, जोखिम, ठेक्का लागे / नलागेको, आयोजनाको सुरु लागत संसोधन भएको भए सो लागत रकम, लक्ष्य  प्रगतिको तुलना र अन्तर विश्लेषण, मुआव्जा सम्वन्धि स्थिति सहित वर्तमान स्थिति)

१. गत आ.व.मा वित्तिय प्रगति २०% भौतिक प्रगति १५% ले गत आ.व को प्रक्षेपित वजेट कार्यान्वयन गर्न नसक्नुको कारण काम गर्ने उचित वातावरण भएन ।

(८) आयोजना स्थलमा लिएको फोटो,नक्सा आदि









(९) <u>निष्कर्ष</u> :

प्रस्तुत आयोजना हेर्दा प्राविधिक रुपमा नै भएको समस्या देखियो । जुन निम्नानुसार छ ।

१. जलासय भण्डार गृह उपर्युक्त छैन । प्राविधिक रुपमा पुनः मूल्याङ्कन गरी अर्को ड्याम जरुरी,
२. नहरमा पानीको वहाव छैन । जल भण्डार गृह बढाएर सो माथिको ५०० मिटर सरसफाई गर्नु पर्ने,
३. जलासय भण्डार गृहमा रिर्जववायरवालको आवश्यक उचाई छैन । बुंदा नं १ वमोजिम हुनु पर्ने ,
४. लक्ष्य अनुसार प्रगति छैन । ठेक्का लगाउने कार्य गर्न र नियमअनुसार कार्यसम्पादन गराउन आयोजना प्रमुख लाग्नु पर्ने, उपभोक्ता सक्रिय छैनन् : अपनत्व लीई अग्रसर हुन उपभोक्ता जागरुक गराउनु पर्ने,
५. मुल व्यवस्थापनमा पानी रिचार्ज क्षेत्र संरक्षणको कुनै योजना छैन । सागरनाथ जंगलको १५० वर्ग कि.मी क्षेत्रमा डोजर लगाई सरसफाइ गरी धेरैवटा आवश्यक पोखरीहरु निर्माण गरि उचित संरक्षणमा राख्नु पर्ने,
६. जल उपभोक्ता समिति क्रियाशिल छैन । उपभोक्ता समितिले उपभोक्ता हरुलाई जन श्रमदान गराएर आयोजनालाई सवलीकरण गराउनु पर्ने ।

तसर्थ आयोजना प्रमुख आयोजनामा संलग्न प्राविधिक र उपभोत्ता समिती र जलउपभोत्ताहरुमा हालको अवस्थामा ठुलो वदलाव ल्याउन जरुरी छ ।

**<u>अनुगमन टोली</u>**
**माननिय सदस्य : डा.कृपा सिन्धु प्रसाद**
**योजना अधिकृत : नइन्द्र प्रसाद दाहाल**

नेपाल सरकार
राष्ट्रिय योजना आयोगको सचिवालय
जिल्लागत आयोजना अनुगमन विवरण

आयोजनाको नाम : इश्वरपुर खानेपानी आयोजना जिल्ला : सर्लाही
आयोजना प्रमुखको नाम : जगन्नाथ पुर्वे आयोजनामा रहेको अवधि : २०७३।०७।१०

**१.पृष्ठभुमि** :

कार्यालय :- खानेपानी तथा सरसफाई डिभिजन कार्यालय
कार्यस्थल :- इश्वरपुर न.पा.को वडा नं. ४, ५, ६, ७ र ८
आयोजना सुरु :- आ.व.०५५।०५६
आयोजना सम्पन्न हुने अनुमान :- आ.व. ०७४।०७५
आयोजनाको भौतीक लक्ष्य र भौतिक प्रगती विवरण :
१.डिप वोरीङ २ वटा ( २ वटै निर्माण भएको १ वटा निर्माण संगै विग्री अर्को जडान गर्नु पर्ने भएको )
२. ओभरहेड टयाङ्की ४५० घ.मि. क्षमताको निर्माण भएको ( यसको पील्लरहरु भुकम्पले समस्याग्रस्त )
३. पाइपलाइन विस्तार ४० कि.मि. को लक्ष्य रहेकोमा २३ कि.मि. विस्तार भएको
४. करिव ५ कठ्ठा जमिन घेर्ने गरि कम्पाउण्ड वाल निर्माण भएको
५. पम्प हाउस १, जेनेटर हाउस १ निर्माण भएको
६. कार्यालय भवन १ र चौकीदार भवन १ निर्माण भएको ।

कार्य प्रगती :- क्रमागत आयोजनाका रुपमा वार्षिक वजेट अनुसार
आयोजनाको ठेक्का रकम :- रु.६,३९,१६,०००।- (२०.१२% जन श्रमदान, ७८.८८% नेपाल सरकार)
आयोजनाको हालको अवस्था :-
१. तदर्थ उपभोक्ता समिती गठन भइ क्रियाशिल ,
२. १५०० धारा निर्माण गर्ने लक्ष्यमा हाल सम्म ६५० धारा निर्माण भएको ,
३. धारा व्यवस्थापनमा प्रतिधारा न्युनतम महशुल रु.१५० मासिक (१०,००० लि. पानीमा) रहने सो माथि प्रतिहजार लिटर रु.२० लिइने ,
४. कर्मचारीका लागि उपभोक्ता समितिले आय आर्जनवाट व्यवस्थापक १ जना, मिटर रिडर १ जना, चौकीदार १ जना र प्लम्वर १ जना राखेको ।

**२) आयोजनाको समग्र चिनारी :**

**(अ) श्रोत व्यवस्थापन**

(क) व.उ.शि.नं. :३१३८०२-४

(ख) खर्चको श्रोत : (१) नेपाल सरकार : ७८.८ % (जनश्रमदान २०.१२% ) (२) वैदेशिक :

(ग) गत आ.व.को भौतिक प्रगति प्रतिशत : ७८.९१ %

(घ) गत आ.व.सम्मको भौतिक प्रगति प्रतिशत : ६८.७२ %

(ङ) गत आ.व. को वित्तिय प्रगति प्रतिशत : ८५.६८ %

(च) गत आ.व. सम्मको वित्तिय प्रगति प्रतिशत : ६९.१७ %

(छ) आयोजनको आ.व.०७३।७४ को कार्यक्रम र वजेट सम्वन्धि विवरण

(१) चालु आ.व.को अख्तियारी र स्वीकृतीको चौमासिक विभाजन प्राप्त मिति : ०७३।०४।२५

(२) चालु आ.व.को वजेट निकासाको लागी माग गरेको मिति : ०७३।०७।०७

(३) चालु आ.व.को वजेट निकासा भएको मिति : ०७३।०७।०७

(४) वजेट निकासा हुन नसकेको भए सोको कारण :

(ज) आयोजनाको चालु आ.व.को वजेट विवरण (रु.लाखमा)

| चालु आ.व.को विनियोजित वजेट | हाल सम्मको निकासा | हाल सम्मको खर्च | कैफियत |
|---|---|---|---|
| ३० लाख | ४ लाख | ४ लाख | |

(झ) व्यवस्थापकिय पक्ष :

(१) भौतिक :

| भौतिक साधन | संख्या | सवारी साधन | संख्या | खुद प्रयोग सवारी संख्या | थप कुनै साधन आवश्यकता भए साधनको नाम | संख्या |
|---|---|---|---|---|---|---|
| कार्यालय भवन | १ | पीक अप | १ | १ | पीकअप | १ |
| | | मोटरसाइकल | ३ | २ | मोटरसाइकल | १ |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(२) जनशक्ति :

| दरवन्दीको पद | पदपूर्ति संख्या | रिक्त संख्या | रिक्त रहेको अवधि र कारण | दरवन्दी प्रयाप्त/अप्रयाप्त |
|---|---|---|---|---|
| S.D.E | १ | | | |
| इन्जिनियर | १ | | | |
| लेखा अधिकृत | १ | | | |
| ना.सु | १ | | | |
| | | | | |
| | | | | |

## (आ) अपेक्षित उपलव्धीहरु :

| क.स | प्रमुख कृयाकलापहरु | अपेक्षित प्रतिफलहरु | वार्षिक लक्ष्यको तुलनामा प्रथम चौमासिकको भौतिक प्रगति प्रतिशत | आयोजनको हालसम्मको प्रतिफल र उपलब्धिहरु |
|---|---|---|---|---|
| १ | ४५० घ.मि.को ओभरहेड टयाङ्की निर्माण | १५०० धारा संचालन हुने | | ६५० धारा संचालन भएको |
| २ | ४० कि.मि पाइप लाइन विस्तार मध्ये २३ कि.मि विस्तार | धाराहरु निर्माण भएको | | ६५० धारा निर्माण भएको |
| ३ | डीप वोरीङ १ संचालन भएको | नियमित पानी आपुर्ती भएको | | ६५० धारामा वितरण भएको |
| ४ | पम्प हाउस र जेनेटर हाउस निर्माण भएको | पानी आपुर्तिलाइ सहयोग भएको | | पानी संचालनलाई सहयोग |
| ५ | चौकिदार भवन १ निर्माण भएको | संरक्षणका लागि चौकिदार रहने | | कार्यालय सुरक्षा |
| ६ | कार्यालय भवन १ निर्माण भएको | उपभोक्ता समितीको अफीस संचालनमा रहेको | | उपभोक्ता समितिको कार्यालय व्यवस्थापन भएको |
| | | | | |

## (३) आयोजना कार्यान्वयनमा देखापरेका प्रमुख समस्याहरु र समाधानका उपायहरु (महत्वको क्रम अनुसार)

| क.स | समस्या विवरण | समाधानकालागी गरिएका प्रयासहरु | समाधानका उपायहरु |
|---|---|---|---|
| १ | ओभरहेड टयाङ्कीको खम्वा क्षतीग्रस्त | हालसम्म समाधान नखोजीएको | स्टक्चर इन्जिनीयर बाट मुल्यांङकन गराई पुनः निर्माण गरिनुपर्ने, अनुमानीत खर्च रु १० लाख लाग्ने |
| २ | डीप वोरीङ १ थान संचालनमा नरहेको | शुरुमानै विग्री संचालन नभएको | नया ठेक्काद्धारा पुर्ति गरिनुपर्ने |
| ३ | इश्वरपुर न.पा.भित्र थप २ आयोजनाको जरुरी | पहल नभएको | वडा नं.१, २, ३ लाई भियाखोर वजार<br>वडा नं. ९, १०, ११ लाई राम नगरमा १/१ वटा आयोजना रहनुपर्ने |
| | | | |
| | | | |
| | | | |

## (४) यस आ.व.मा यस अधि भएको निरिक्षण विवरण

| क.स | निरिक्षण गर्ने पदाधिकारीको नाम,थर, पद र कार्यालय | निरिक्षण गरेको मिति |
|---|---|---|
| | | |
| | | |

## (५) स्थलगत निरिक्षणवाट देखिएका आयोजनाका उल्लेखनिय पक्षहरु :

(क) उल्लेखनिय क्रियाकलाप :

१. ६५० धारा निर्माण भएको
२. २३ कि.मि. पाइप लाइन विस्तार भएको
३. ४५० घ.मि. को ओभरहेड टयाङ्क निर्माण भएको
४. डिप वोरिङ १ संचालनमा रहेको
५. कार्यालय भवन/चौकीदार भवन र कम्पाउण्ड वाल निर्माण भएको ।

(ख) उल्लेखनिय प्रतिफल :

१. ६५० धारामा पानी संचालनमा रहेको

(ग) सवल पक्ष :

१. इश्वरपुर न.पा.को ४, ५, ६, ७ र ८ मा १५०० धारा निर्माण हुदा स्वच्छ खानेपानी परिपुर्ति हुने

(घ) दुर्वल पक्ष :

१. क्षतिग्रस्त अवस्थामा पुगेको ओभरहेड टयाङ्की तत्काल मर्मत गर्ने कार्यक्रम नभएको
२. संचालनमा नरहेको एकथान डिप वोरिङलाई तुरुन्त परिपुर्ति गर्ने कार्य ढिलो भएको

(६) <u>**विभिन्न सरोकारवालाहरुको धारणा**</u>

(क) लाभग्राहीको धारणा :

(ख) उपभोक्ता समितिको धारणा :

१. डिप वोरिङ १ थान तुरुन्त जडान हुनु पर्ने
२. ओभरहेड टयाङ्कीको खम्वा तत्काल मर्मत हुनु पर्ने
३. बाकी ८५० धारा जडान र १७०० मिटर पाइप लाइन विस्तार चाडै हुनुपर्ने
४. जेनेरेटर १ थान आवश्यक व्याकअप सहित व्यवस्थापन हुनुपर्ने

(ग) लाभग्राही वाहेक अन्यको धारणा :

## (७) *आयोजनाको सम्वन्धमा आयोजना प्रमुखको भनाई सुझावहरु* :

(अनुमान, जोखिम, ठेक्का लागे / नलागेको, आयोजनाको सुरु लागत संसोधन भएको भए सो लागत रकम, लक्ष्य प्रगतिको तुलना र अन्तर विश्लेषण, मुआव्जा सम्वन्धि स्थिति सहित वर्तमान स्थिति)

१.क्षतिग्रस्त टयाङ्की मर्मतको लागि सिभिल इञ्जिनियर मार्फत मुल्यांकनको लागि पहल गरिनेछ ।
२. लामो आयोजना भइ २० औं वर्ष लाग्ने अवस्थाले आयोजनामा पटक पटक लागत अनुमान संसोधन हुन सक्ने निर्माण भएका संरचना उपभोक्तालाई हस्तान्तरण गर्नु पुर्व नै मर्मत गर्नुपर्ने अवस्था भएको ।
३. क्रमागत आयोजना भएकाले लक्ष्य अनुसार प्रगती गरिएको छ तर आयोजना तय हुदा ५ वर्ष को हुनुपर्ने
४. निर्माण सम्पन्न पश्चात उपभोक्तालाई हस्तान्तरण गरेपछि मेन्टिनेन्स निम्ति न्युनतम २ वर्ष राज्यले दायित्व लिनु पर्ने ।

(८) <u>आयोजना स्थलमा लिएको फोटो,नक्सा आदि</u>







(९) **निष्कर्ष** :

प्रस्तुत आयोजनाका सन्दर्भमा क्रम संख्या १ देखी ८ सम्मका विवरण अनुसार १७ वर्षको अवधिमा समेत प्रस्तुत आयोजना सम्पन्न हुनु अझै १.५ वर्ष लाग्ने अनुमान गरिएको छ । क्रमागत आयोजना हुदा लक्ष्य अनुसार प्रगती सन्तोषजनक नै मान्न सकिन्छ तर ओभरहेड टयाङ्की को खम्वाको सम्भावित क्षति रोक्न तत्काल आवश्यक कार्य अघि वढाउन सम्वन्धीत मन्त्रालयको दायित्व रहन्छ । डिप वोरिङ १ थान र आवश्यक सप्लाई पावर सहित जेनेरेटर १ थान समेत सम्वन्धित मन्त्रालयले यस आयोजनालाई दिनुपर्ने अवस्था देखेकाछौ ।

यसका अतिरिक्त उपभोक्ता समितिलाई राज्यका अन्य ठुला लगानी रहेका सह लगानी आयोजनाहरुको भ्रमण गरी त्यसको व्यवस्थापन र थप आय आर्जनका उपाय समेत उपभोक्ता समितिले अनुभुत गर्न पाउने छन् । हालको उपभोक्ता समितिलाइ तदर्थ समितिवाट कार्यकारिणी समितिमा रुपान्तरण गर्न यसको साधरण सभा हुन र आवश्यक विनियम र निर्देशिकाहरु तय गर्न उपभोक्ता समितिलाइ निर्देशन गरि परिचालन गर्नु समेत आयोजना संचालन गर्ने निकायको जिम्वेवारी रहन्छ भन्ने समेतको निष्कर्ष पेश गरेका छौ ।

**अनुगमन टोली**
**माननिय सदस्य : डा.कृपा सिन्धु प्रसाद**
**योजना अधिकृत : नइन्द्र प्रसाद दाहाल**

नेपाल सरकार
राष्ट्रिय योजना आयोगको सचिवालय
जिल्लागत आयोजना अनुगमन विवरण

आयोजनाको नाम :लखनदेही नदी नियन्त्रण आयोजना जिल्ला : सर्लाही
आयोजना प्रमुखको नाम : आनन्द प्रकाश धामी आयोजनामा रहेको अवधि : २०७३।०६।१९

**१.पृष्ठभुमि** :

कार्यालयको नाम :- जनताको तटवन्ध कार्यक्रम, फिल्ड कार्यालय न.३ हरिपुर , सर्लाही
स्थापना :- ०६६।६७
कार्यक्रमहरु :- १. लखनदेही नदी नियन्त्रण
२. भीम नदी नियन्त्रण
३. बाँके नदी नियन्त्रण

उदेश्य :- १. क्षतिग्रस्त संरचनालाई थप क्षती हुन वाट जोगाउने, जग्गा उकास गर्ने,
२. आपतकालिन रुपमा नदिहरु नियन्त्रण गर्ने

प्रभाव क्षेत्र :- ३ वटै नदिको उत्तर दक्षिणमा करिव ४८ कि.मि. लम्वाई को क्षेत्र

स्थलगत रुपमा हेरिएको आयोजना :- लखनदेही नदी नियन्त्रण
आयोजना सुरु :- ०६६।६७
कार्यक्रम :- सालवसाली
कार्य क्षेत्रमा रकम :- विनियोजित वजेट भित्र रही आवश्यकता वमोजिम

## २) आयोजनाको समग्र चिनारी : ३ वटाकै एकमुष्ट

**(अ) श्रोत व्यवस्थापन**

(क) व.उ.शि.नं. : ३५७१०९-४

(ख) खर्चको श्रोत : (१) नेपाल सरकार : रु.६,८८,८७,०००।- (२) वैदेशिक :- रु.७,८९,९३,०००।-

(ग) गत आ.व.को भौतिक प्रगति प्रतिशत : १००%

(घ) गत आ.व.सम्मको भौतिक प्रगति प्रतिशत : १००%

(ङ) गत आ.व. को वित्तिय प्रगति प्रतिशत : ९९.६५%

(च) गत आ.व. सम्मको वित्तिय प्रगति प्रतिशत : ९९.६५%

(छ) आयोजनको आ.व.०७३।७४ को कार्यक्रम र वजेट सम्वन्धि विवरण

(१) चालु आ.व.को अख्तियारी र स्वीकृतीको चौमासिक विभाजन प्राप्त मिति : ०७३।०६।०५

(२) चालु आ.व.को वजेट निकासाको लागी माग गरेको मिति : ०७३।०६।१९

(३) चालु आ.व.को वजेट निकासा भएको मिति : ०७३।०६।१९

(४) वजेट निकासा हुन नसकेको भए सोको कारण : –

(ज) आयोजनाको चालु आ.व.को वजेट विवरण (रु.लाखमा)

| चालु आ.व.को विनियोजित वजेट | हाल सम्मको निकासा | हाल सम्मको खर्च | कैफियत |
|---|---|---|---|
| ५,००,००,०००।- | २,४३,७६,७३५।- | २,४३,७६,७३५।- | गत वर्षको भुक्तानी गरिएको |

(झ) व्यवस्थापकिय पक्ष :

(१) भौतिक :

| भौतिक साधन | संख्या | सवारी साधन | संख्या | खुद प्रयोग सवारी संख्या | थप कुनै साधन आवश्यकता भए साधनको नाम | संख्या |
|---|---|---|---|---|---|---|
| | | जीप | १ | १ | पीकअप | १ |
| | | मोटरसाइकल | १ | १ | मोटरसाइकल | १ |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(२) जनशक्ति :

| दरवन्दीको पद | पदपूर्ति संख्या | रिक्त संख्या | रिक्त रहेको अवधि र कारण | दरवन्दी प्रयाप्त/अप्रयाप्त |
|---|---|---|---|---|
| S.D.E | १ | - | - | |
| इञ्जिनियर | ४ | - | - | |
| सव-इञ्जिनियर | १ | - | - | |
| लेखा अधिकृत | १ | - | - | |
| खरिदार | १ | - | - | |
| क.अपरेटर | १ | - | - | |
| ह.स.चा | १ | - | - | |

## (आ) अपेक्षित उपलव्धीहरु :लखनदेही नदी नियन्त्रण

| क्र.स | प्रमुख कृयाकलापहरु | अपेक्षित प्रतिफलहरु | वार्षिक लक्ष्यको तुलनामा प्रथम चौमासिकको भौतिक प्रगति प्रतिशत | आयोजनको हालसम्मको प्रतिफल र उपलव्धिहरु |
|---|---|---|---|---|
| १ | आपतकालिन नदी नियन्त्रण कार्य | २० वटा जेभिएन स्पेयर निर्माण भएको | | नेत्रगंज, विडारी गाविस र लालवन्दी ८ र १० मा भुक्षय रोकथाम भएको |
| २ | संवेदनसिल स्थानमा नदी नियन्त्रण कार्य | २.८ कि.मि. तटवन्ध निर्माण भएको | | पथरकोट,जियाजोल,हिरापुर,जानकीनगर,पीडारी र फुलपरासी गाविसमा नदी कटान रोकथाम भएको |
| ३ | गत आ.व.को दायित्व अर्न्तगत तटवन्ध निर्माण कार्य | ३०० मि. वाध निर्माण कार्य भैरहेको | | घुर्कौली र हरिपुर गाविसमा नदी कटान रोकथाम हुने |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## (३) आयोजना कार्यान्वयनमा देखापरेका प्रमुख समस्याहरु र समाधानका उपायहरु (महत्वको क्रम अनुसार)

| क्र.स | समस्या विवरण | समाधानकालागी गरिएका प्रयासहरु | समाधानका उपायहरु |
|---|---|---|---|
| १ | योजनाको तुलनामा वजेट नहुनु | थप वजेट माग गरिएको | आवश्यकता अनुसार प्राथमीकीकरण गरी काम गरेको |
| २ | आवश्यकता अनुसार काम गर्न कठिन | प्राथमिकताको वाकी काम गर्न थप वजेट माग गरिएको | हरिपुर १ जुटपानीको तल्लो भागमा १५०० मि. र विचमा ६०० मि. वाकी रही माथिल्लो भाग १३०० मि. तटवन्ध भएकाले बाकी काम सम्पन्न गर्नुपर्ने |
| | | | |
| | | | |

## *(४)* यस आ.व.मा यस अघि भएको निरिक्षण विवरण

| क्र.स | निरिक्षण गर्ने पदाधिकारीको नाम,थर, पद र कार्यालय | निरिक्षण गरेको मिति |
|---|---|---|
| | | |
| | | |

## (५) स्थलगत निरिक्षणवाट देखिएका आयोजनाका उल्लेखनिय पक्षहरु :

(क) उल्लेखनिय क्रियाकलाप :

१. आपतकालीन नदी नियन्त्रण
२. संवेदनशील स्थानमा स्पेयर निर्माण

(ख) उल्लेखनिय प्रतिफल :

१. २० वटा स्थानमा जेभिएन स्पेयर निर्माण भइ नदी कटान रोकथाम भएको
२. २८०० मि. तटवन्ध निर्माण भइ गाँउवस्ती वचाई जग्गा उकास गरिएको

(ग) सवल पक्ष :

१. भुक्षय वचाई जमिन उकास गरि सुरक्षीत गरिएको
२. गाँउवस्ती र सार्वजनिक स्थल सुरक्षीत भएको

(घ) दुर्वल पक्ष :

१. सवै प्रभाव क्षेत्रलाई समेटन वजेटको न्युनता
२. पंहुच अनुसार पनि प्राथमिकीकरण गर्नु पर्ने अवस्था हुने गरेको

## (६) विभिन्न सरोकारवालाहरुको धारणा

(क) लाभग्राहीको धारणा :

१. सवै प्रभाव क्षेत्रमा नदी नियन्त्रणलाई तटवन्ध निर्माण गर्नु पर्ने

२. जेभिएन स्पेयर आवश्यकता अनुसार थप हुनु पर्ने

(ख) उपभोक्ता समितिको धारणा :

(ग) लाभग्राही वाहेक अन्यको धारणा :

## (७) *आयोजनाको सम्वन्धमा आयोजना प्रमुखको भनाई सुझावहरु* :

(अनुमान, जोखिम, ठेक्का लागे / नलागेको, आयोजनाको सुरु लागत संसोधन भएको भए सो लागत रकम, लक्ष्य  प्रगतिको तुलना र अन्तर विश्लेषण, मुआव्जा सम्वन्धि स्थिति सहित वर्तमान स्थिति)

१.आ.व. ०७३।०७४ को कार्यक्रम अनुसार निर्माण गर्न ०७३।०९।०५ मा अन्नपुर्ण राष्ट्रिय दैनिकमा शिलवन्दी बोलपत्र आह्वान गरिएको ।
२. सुरु लागत संशोधन गर्नु परेको छैन ।
३. लक्ष्य अनुसार प्रगती गरिएको छ ।
४. वजेट न्युनताले योजना छनोट गर्न कठिन भएको ।
५. सवारी साधन पिकअप १ र मोटरसाइकल १ अत्यन्त जरुरी मा रहेको ।
६. निर्माण कार्यलाइ प्रभावित समुहले निःशुल्क प्रदान गर्नु पर्ने राज्यको नीति रहेकोले कतिपयको सम्पुर्ण जमिन तटवन्धमा पर्ने हुदा मुआव्जा विनाको तटवन्ध कार्यान्वयन गर्न जटिल छ ।
७. कार्यक्रम संचालनलाई गुरुयोजना वनाई सवै प्रकारको मुल्यांकन सहित कार्यान्वयन हुनु उचित देखिन्छ ।

(८) आयोजना स्थलमा लिएको फोटो,नक्सा आदि













(९) <u>निष्कर्ष</u> :

जनताको तटवन्ध कार्यक्रमको नाममा सर्लाही जिल्लामा बाके नदी, भिम नदी र लखनदेही नदी नीयन्त्रणका लागी फिल्ड कार्यालय हरिपुरमा रहेको छ। यसले तिनवटै नदीमा ४८ कि.मि.को लम्वाईमा कार्य गर्नु पर्ने हुन आउछ। मुख्यतया आपतकालीन रुपमा नदीहरु नियन्त्रण गर्ने र क्षतिग्रस्त संरचनामा थप क्षतीहुनवाट वचाई जमिन उकास गर्ने नै यसको मुख्य उदेश्य हो। यो कार्यक्रम आ.व. ०६६।०६७ देखि संचालमा रहेको र हालसम्म धेरै महत्वपुर्ण कार्य सम्पादन समेत भैसकेको देखिन्छ।

गत आ.व. सम्ममा लखनदेही नदी नियन्त्रण कार्यमा जेभिएन स्पेयर रहने गरी कच्ची वाधको लम्वाई २.८ कि.मि. पुगेको देखियो भने गत आ.व.मा मात्रै संवेदनशील स्थानमा २० वटा जेभिएन स्पेयर लखनदेही नदीको लागि मात्रै निर्माण हुनु सवल पक्ष हो जसवाट करिव १५०० घर धुरी को २००० विगाहा जमिन संरक्षण हुन पुगेको छ। दुर्वल पक्षमा रहेको वजेट भित्र  रही आयोजना प्राथमिकीकरण गर्न राजनैतिक दवाव र पंहुचवालाको पंहुचताभित्र केही वढी हुन जाने स्थीती हुनु हालको राज्य व्यवस्थापनमा सामान्य नै मान्नुपर्ने देखिन्छ। आयोजनालाई आशातीत सफलता तीर लैजान सवै प्रभाव क्षेत्रमा जेभिएन स्पेयर राख्नु र समस्या ग्रस्त क्षेत्रमा तटवन्ध वढोत्तरी गरी आयोजनालाई पुनः सफल आयोजनाको रुपमा लैजानु आवश्यकता अनुसार वजेट व्यवस्थापन हुनु नै समस्याको समाधान हो भन्ने निष्कर्ष राखेका छौ।

<u>अनुगमन टोली</u>
**मानिनय सदस्य : डा.कृपा सिन्धु प्रसाद**
**योजना अधिकृत : नइन्द्र प्रसाद दाहाल**

नेपाल सरकार
राष्ट्रिय योजना आयोगको सचिवालय
जिल्लागत आयोजना अनुगमन विवरण

आयोजनाको नाम : कर्मैया-हाथिओल सडक आयोजना जिल्ला : सर्लाही
आयोजना प्रमुखको नाम : ललीत व.न्यौपाने आयोजनामा रहेको अवधि :२०७२ साल

**१.पृष्ठभुमि** :

कर्मैया-हाथिओल क्षेत्रिय सडक पुर्व पश्चिम महेन्द्र लोकमार्गको कर्मैया देखि राजघाट, हजारिया, सुन्दरपुर, चहरवा, मानपुर हरकठवा, मैनाथपुर, छोटौल, खैर्वा, रामनगर वहुअर्वा, सुदामा, छतौना हुदै हथिऔल गा.वि.स सम्म पुगेको छ । यस सडकको जम्मा लम्वाई ५३ कि.मि रहेको छ । यो सडक राष्ट्रिय ग्रामिण यातायात सुदृढीकरण परियोजना अर्न्तगत स्तरोन्नती गरी कालोपत्रे गर्ने लक्ष्य रहेको छ । यस सडकमा हाललाई २०.२३२ कि.मि मा ठेक्का स्वीकृत भई कार्य सञ्चालन भई रहेको छ । यस ठेक्का अर्न्तगत सडक खण्डमा पर्ने वस्ती रहेको क्षेत्रमा नाली निर्माण गर्ने, आवश्यकता अनुसार ह्युमपाइप कलभर्ट, सडक कालोपत्रे (ओटासिल) र सडकको दायाँ-वायाँ भागमा वृक्षारोपण गर्ने मुख्य क्रियाकलाप संचालन गर्ने गरी ठेक्का लगाइएको छ ।

**ठेक्का सम्वन्धी विवरण**

अनुमानीत लागत : रु.१३,२१,७४,५७७।४७
सम्झौता मिति : २०७३।०१।२० सम्झौता रकम : रु.१०,१८,४५,३८१।७५
सम्पन्न हुनुपर्ने मिति : २०७४।०८।०५
ठेकेदार VP KAMAL JV Contruction Janakpur

**हालको ठेक्का विवरणको काम**

सडकको लम्वाई : २०,२३२ k.m (ओटासिल)
पक्की नाला : ४.४६० कि.मी सडकको दायाँ वाया वृक्षारोपण
ह्युम पाइप : ७ वटा

२) **आयोजनाको समग्र चिनारी :**

**(अ) श्रोत व्यवस्थापन**

(क) व.उ.शि.नं. : ३६५८४२४

(ख) खर्चको श्रोत : (१) नेपाल सरकार : २५% (२) वैदेशिक : ७५%

(ग) गत आ.व.को भौतिक प्रगति प्रतिशत : ३% काम भएको

(घ) गत आ.व.सम्मको भौतिक प्रगति प्रतिशत : " "

(ङ) गत आ.व. को वित्तिय प्रगति प्रतिशत : ४.३३%

(च) गत आ.व. सम्मको वित्तिय प्रगति प्रतिशत : ४.३३%

(छ) आयोजनको आ.व.०७३।७४ को कार्यक्रम र वजेट सम्वन्धि विवरण

(१) चालु आ.व.को अख्तियारी र स्वीकृतीको चौमासिक विभाजन प्राप्त मिति : २०७३।०४।२६

(२) चालु आ.व.को वजेट निकासाको लागी माग गरेको मिति : २०७३।०५।०७

(३) चालु आ.व.को वजेट निकासा भएको मिति : २०७३।०५।०७

(४) वजेट निकासा हुन नसकेको भए सोको कारण : -

(ज) आयोजनाको चालु आ.व.को वजेट विवरण (रु.लाखमा)

| चालु आ.व.को विनियोजित वजेट | हाल सम्मको निकासा | हाल सम्मको खर्च | कैफियत |
|---|---|---|---|
| ९,७८,००,०००।- | १,५१,६९,४१२.३९ | १,५१,६९,४१२.३९ | |
| मध्ये ६,००,०००।- | | | |

(झ) व्यवस्थापकिय पक्ष :

(१) भौतिक :

| भौतिक साधन | संख्या | सवारी साधन | संख्या | खुद प्रयोग सवारी संख्या | थप कुनै साधन आवश्यकता भए साधनको नाम | संख्या |
|---|---|---|---|---|---|---|
| | | जीप | १ | १ | - | |
| | | मोटरसाइकल | ६ | ६ | - | |
| | | | | | | |

(२) जनशक्ति :

| दरवन्दीको पद | पदपूर्ति संख्या | रिक्त संख्या | रिक्त रहेको अवधि र कारण | दरवन्दी प्रयाप्त/अप्रयाप्त |
|---|---|---|---|---|
| CO Ordinator | १ | | | |
| प्रो.म्यानेजर | १ | | | |
| PSC–II | २ | १ | ४ महिना | |
| इन्जिनियर | १ | | | |
| सव-इन्जिनियर | १ | | | |
| ESC | १ | | | |
| SSE | १ | | | |
| सहलेखापाल | १ | | | |

(आ) **अपेक्षित उपलव्धीहरु :**

| क्र.स | प्रमुख कृयाकलापहरु | अपेक्षित प्रतिफलहरु | वार्षिक लक्ष्यको तुलनामा प्रथम चौमासिकको भौतिक प्रगति प्रतिशत | आयोजनको हालसम्मको प्रतिफल र उपलब्धिहरु |
|---|---|---|---|---|
| १. | २०.२३२ कि.मि सडक ओटासील | सडक कालोपत्र वन्नेहुदा सडकको स्तरोन्नती | १.५ % | माटो फिलिङ काम भैरहेको |
| २. | पक्की नाली निर्माण ४६६० मी. | सडक सुरक्षा र वस्ती आवागमनलाइ सहजता | ५०% | २३०० मी. सम्पन्न भएको |
| ३. | ह्युम पाइप ७ वटा | खोल/खोल्सी को वहाव नियन्त्रण र सडकको सुरक्षा | ७०% | ५ ओटा ह्युम पाइप |
| ४. | अन्य | सडक दाया वाया वृक्षारोपण भइ हरीयाली हुने | - | - |

(३) **आयोजना कार्यान्वयनमा देखापरेका प्रमुख समस्याहरु र समाधानका उपायहरु (महत्वको क्रम अनुसार)**

| क्र.स | समस्या विवरण | समाधानकालागी गरिएका प्रयासहरु | समाधानका उपायहरु |
|---|---|---|---|
| १. | विद्युत पोलहरु स्थानान्तरण | विद्युत प्राधिकरणलाइ पत्राचार गरिएको | पुनः पहल गरिने |
| २. | COI भएका संरचनाहरु सार्नु पर्ने | गा.वि.स र सम्वन्धीत अन्य निकायहरुलाई पत्राचार गरिएको | पुनः पहल गरिने, जिल्ला प्रशासन लाई समेत पत्राचार गरिने |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

*(४)* **यस आ.व.मा यस अधि भएको निरिक्षण विवरण**

| क्र.स | निरिक्षण गर्ने पदाधिकारीको नाम,थर, पद र कार्यालय | निरिक्षण गरेको मिति |
|---|---|---|
| | - | - |
| | - | - |

## (५) स्थलगत निरिक्षणवाट देखिएका आयोजनाका उल्लेखनिय पक्षहरु :

(क) उल्लेखनिय क्रियाकलाप :

२०.२३२ कि.मी. सडक ओटासील कालोपत्रे
४४६० मिटर पक्की नाला निर्माण
सडकको दाया वाया वृक्षारोपण

(ख) उल्लेखनिय प्रतिफल :

१५ गा.वि.स.का जनताहरुलाई आवतजावत, पेशा व्यवसायमा सहजता
प्रभावित क्षेत्रका वासीन्दाहरुलाई आयआर्जनमुलक तालिम व्यवस्थापन भई क्षमता वृद्धि हुने
वातावरण मैत्री सडक संजाल हुने

(ग) सवल पक्ष :

आवश्यक वातावरण तथा सामाजिक रुपमा गहन अध्ययन गरी सुरु गरिएको

(घ) दुर्वल पक्ष :

सडक निर्माण पश्चात मर्मत संभारमा जोखिम रहेको
ठेकेदारवाट कार्य हुने हुदा स्थानियलाई प्रत्यक्ष रोजगारमा जोखिम रहेको

(६) **<u>विभिन्न सरोकारवालाहरुको धारणा</u>**

(क) लाभग्राहीको धारणा :

यस सडकको ५३ कि.मि. सडकलाइनै हुने गरी तत्कालै वजेट व्यवस्थापनको आवश्यकता, राजघाट हजरिया क्षेत्रको १३ कि.मि. भन्ने स्थानको करिव १ कि.मि. लम्वाईमा सडकको दाया वाया रिटेनीङ्ग वाल राख्नु पर्ने, सडक क्षेत्रले भेटेको जमिनमा रहेका विद्यालय र अन्य निजी संरचना सार्न लगाई सडक चौडा गराउनु पर्ने ।

(ख) उपभोक्ता समितिको धारणा :

(ग) लाभग्राही वाहेक अन्यको धारणा :

## (७) *आयोजनाको सम्वन्धमा आयोजना प्रमुखको भनाई सुझावहरु* :

(अनुमान, जोखिम, ठेक्का लागे / नलागेको, आयोजनाको सुरु लागत संसोधन भएको भए सो लागत रकम, लक्ष्य प्रगतिको तुलना र अन्तर विश्लेषण, मुआव्जा सम्वन्धि स्थिति सहित वर्तमान स्थिति)

शुरु ठेक्का हुदाँ ३.५ सेन्टी मिटरले हुने गरी सतहमा ओटासिलको कालोपत्रे गर्ने भनिएकोमा अव ६.७५ सेन्टी मिटरले ओटासिलको कालोपत्रे गर्ने भन्ने परिपत्र आएकोले ठुलो भेरिएसन हुन जाने देखिन्छ । यसै गरि १३ कि.मी. भन्ने स्थानमा (हजारीया राजघाट एरिया) स्थानीयहरुको माग वमोजिम १ कि.मि जती लम्वाई हुने सडकमा दाया वाया रिटेनिङ वाल लगाउनु पर्ने देखिन्छ, यसो भएमा समेत भेरीएसन संसोधन भई लागत रकम वढने देखिन्छ । स्थानीय जनताको माग वमोजीम कार्य नभएमा सो क्षेत्रमा विवाद हुने अवस्था रहेको छ ।

(८) <u>आयोजना स्थलमा लिएको फोटो,नक्सा आदि</u>



(९) **निष्कर्ष** :

२०७३।०१।२० मा सम्झौता भएको यस सडकलाई ५३ कि.मि.को लम्वाई मध्ये ठेक्का लागेको २०.२३२ कि.मि. लम्वाईमा ओटासिलको कालोपत्रे ४४६० मिटर पक्की नाला सडकको दायाँ वाया वृक्षारोपण ७ स्थानमा ह्युम पाइप जडान जस्ता कार्य गरी २०७४।०८।०५ मा सम्पन्न गर्ने लक्ष्य रहेको यस सडक पुर्ण रुपमा निर्माण हुदा सो जिल्लाका १५ गा.वि.स मा रहेका वासिन्दालाई आवतजावतमा सहजता, कृषिमा आधुनिकरण गर्न सहजीकरण, पेशा व्यवसायलाई विस्तार गर्न सहजता र वातावरण मैत्री सडक निर्माण भई संचालनमा आउने देखिन्छ । सर्लाही जील्लाको कृषि उत्पादनको क्षेत्रमा यसै सडकले भेटने गा.वि.स नै मुख्य रुपमा उत्पादनको थलो समेत रहेको हुदा यसलाई सामाजिक रुपमा गहन अध्ययन गरी कार्यान्वयनमा ल्याइएको पाइन्छ ।

यसको कमजोरी पक्षमा ओटासिल गर्ने सतह ३.५ सेन्टी मिटर मात्र हुने गरी ठेक्का लगाई ६.७५ सेन्टी मिटरले हुने गरी परिमार्जन गर्न परिपत्र गर्नु अझै पनि विकास आयोजना उचित नीति वनी कार्यान्वयनमा छइन भनी सहजै अनुमान गर्न सकिन्छ । त्यसैगरी सडकको दायाँ वाया १ कि.मि. जती क्षेत्रमा रिटेनिङ वाल नदिई सडक निर्माण कार्यको ठेक्का लगाई पुनः लागत अनुमान संसोधन हुने अवस्था आउनु अवश्य यसको उचित प्राविधिक मुल्याङकन भएको हो भन्न समेत मिल्दैन । यस वाहेक विद्यालय लगायत निजी संरचना सडक भित्र परेकोलाई उचित रुपमा समाधान वेगर आयोजना कार्यान्वयनमा रहेको छ । सवै भन्दा ठुलो समस्या त ओटासिल जस्तो सडक वन्ने, वर्षदिनमा पुनः मर्मत गर्नु पर्ने अवस्था आउने र मर्मतको कार्यलाई आवश्यक वजेट व्यवस्थापन नै यस्तो सडक निर्माणमा जटिलता तर्फ गएकाले समाधानको उचित सरकारी नीति रहनु पर्ने आवश्यकता निष्कर्षका रुपमा औल्याएका छौ ।

**अनुगमन टोली**
**माननिय सदस्य : डा.कृपा सिन्धु प्रसाद**
**योजना अधिकृत : नइन्द्र प्रसाद दाहाल**